नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर २५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 11 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०५

## भत्काएको नहरीलाई सिंचाइले पुरानै संरचनामा फर्कायो

राधेश्याम पटेल, परवानीपुर, २४ मङ्सिर/

वीरगंज महानगरले भत्काएको नहरी (सानो नहर)लाई नारायणी सिंचाइले मरम्मत गरी पुरानै संरचनामा फर्काएको छ ।


भत्काएको नहरी (सानो नहर)लाई मरम्मत गर्दै । तस्वीरः प्रतीक

वीरगंज-१५ लक्ष्मनवा (नौतन)देखि नेशनल मेडिकल कलेज भेडियाहीसम्म साढे ४ किलोमिटर लम्बाइ र सर्भिस रोडसहितको ४५ फिट चौडा नहरीलाई मरम्मत सम्भार र सफाइ गरी पुरानै संरचनामा फर्काइएको नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजले जनाएको छ ।

पछिल्लो चार दिनदेखि एक्साभेटर लगाएर ब्लक नं ७ को मेन सेकेन्डरी क्यानल (एमएससी) नं २ को नहरीलाई गहुँबाली सिंचाइको लागि तयार पारिएको नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, गण्डक, वीरगंजका प्रमुख प्रसून मिश्रले जानकारी दिए ।

हजारौं बिघा सेवा क्षेत्र रहेको उक्त नहरीलाई वीरगंज महानगरले भत्काएर सडक बनाउन खोजेको थियो। एक महीनाअघि नहरी भत्काएर सडक बनाउने ठेकेदारमार्फत काम थालेपछि नारायणी सिंचाइ व्यवस्थापन कार्यालयले विरोध जनाएको थियो ।

विनासहमति अगाडि बढाइएको काममा रोक लगाउन माग गर्दै सिंचाइ कार्यालयले सरोकारवाला निकायलाई पत्राचार गरेको थियो । कार्यालयका सूचना अधिकारी एवं इन्जिनीयर सुबोध कुशवाहाले आफूहरूको सहमतिविना महानगरले गण्डक नहरको संरचनालाई भत्काएर गैरकानूनी काम गरेकोले काम रोक्न वीरगंज महानगर, जिल्ला प्रशासन कार्यालय, सिंचाइ मन्त्रालय तथा विभागलाई जानकारी गराइएको बताए ।

नहरी पुरानो संरचनामा फर्केपछि सो भेगका किसानले गहुँबालीमा सहजै सिंचाइ सुविधा पाउने भएका छन् । सिंचाइ सुविधाबाट वञ्चित भएपछि पुनः प्राप्तिले किसानमा खुशी छाएको स्थानीयले बताएका छन् ।

## भिस्वा-सिकटामा संस्थागत तस्करी पुनः शुरू

सुग्रीव साह, भिस्वा, २४ मङ्सिर/

भिस्वा-सिकटामा हुने संस्थागत तस्करी तीन महीनापछि पुनः सुचारु भएको छ ।


भारतको सिकटाबाट तस्करीको सामान नेपालको भिस्वातर्फ ओसार्दै तस्करहरू । तस्वीरः प्रतीक

सशस्त्र प्रहरी प्रमुखमा राजेश्वर साह तेली बहाल भएसँगै तस्करी शुरू भएको हो । यसअघिका प्रहरी प्रमुखले यहाँको संस्थागत तस्करीलाई नियन्त्रण गरेका थिए । तर उनी दरबन्दीमा रहेका र काजमा खटेका कारण उनीविरुद्ध स्थानीय व्यापारीले विभिन्न प्रपञ्च रचेर सरुवा गराएका थिए र अहिले तेली इन्चार्ज भएसँगै पूर्ववत्‌रूपमा तस्करीको लाइन सञ्चालन भएको हो । भिस्वा-सिकटा तस्करी सञ्चालन भएसँगै सोको विरुद्धमा अहिले हालै सिकटा पञ्चायतमा निर्वाचित राजन चौरसियाले तस्करीविरुद्ध अभियान शुरू गरेका छन्। उनले खुला सीमामा रहेका एसएसबीलगायतलाई लिखित निवेदन दिँदै तस्करीमा कडाइ गर्न निर्देशन दिएपछि आजदेखि तस्करी केही हदसम्म नियन्त्रण भएको छ ।

भारतीय एसएसबीका जवानले सिकटा बजार र खुला सीमामा आवतजावत गर्नेहरूलाई अनधिकृत कारोबार नगर्न चेतावनी दिएका छन् । उनीहरूले अनधिकृत व्यापारमा संलग्नहरूलाई कारबाई गर्ने चेतावनी दिएपछि आजबाट केही हदसम्म तस्करी नियन्त्रण भएको छ । विगत एक सातादेखि सशस्त्र प्रहरी बलको इन्चार्जमा तेली नियुक्त भएपछि उनले दोस्रो दिनबाटै तस्करी शुरू गराएका थिए ।

साइकल, मोटरसाइकल र भरियासँगै ट्याक्टरसमेतबाट तस्करी शुरू भएपछि सोविरुद्ध सिकटाका मुखिया चौरसियाले आजबाट तस्करी नियन्त्रण गर्न अभियान सञ्चालन गरेका हुन् ।

## अनशनरत चौधरी वार्तामा बस्न मानेनन्

प्रस, सेढवा, २४ मङ्सिर/

विभिन्न माग राखी अनिश्चितकाल आमरण अनशनमा बसेका पटेर्वासुगौली युवा समाजका अध्यक्ष रामजनम चौधरी वार्ता बस्न मानेनन् ।

गापा कार्यालयअगाडि अनशनमा बसेका चौधरीलाई वार्ताका लागि अध्यक्ष हरिनारायण चौधरीले आग्रह गरेका थिए। आज अध्यक्ष चौधरी, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, योजना अधिकृत राजकुमार चौधरी, इन्जिनीयर प्रदीप चौरसिया, सूचना प्रविधि अधिकृत सोलेन्द्र पञ्जियारको टोली अनशनस्थलमा पुगी वार्तामा बस्न आग्रह गरेका थिए । तर अनशनमा बसेका चौधरीले गापा अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरू र कार्यपालिकाका सम्पूर्ण सदस्य आएपछि मात्रै वार्तामा बस्ने अडान राखेका थिए।


अनशनमा बसेका रामजनम (दायाँ)लाई वार्तामा बस्न आग्रह गर्दै गापा अध्यक्ष चौधरी (बायाँ) । तस्वीरः प्रतीक

यता, पटेर्वासुगौली युवा समाज संस्था वैधानिक नभएको बताइन्छ । सो संस्था जिल्ला प्रशासन कार्यालय, पर्सामा दर्ता नरहेको र सो संस्थाको नाममा लेटर प्याड तथा प्यान नम्बर पनि नभएको बताइन्छ । तर संस्थाका अध्यक्ष भनिने रामजनम चौधरीले संस्थाको छाप लगाइ विभिन्न माग राखी जिल्ला प्रशासन पर्सामा निवेदन दर्ता गराइ अनशनमा बसेका छन् । सोही संस्थाका युवाहरूको अर्को समूहले चौधरीले व्यक्तिगत स्वार्थका लागि अध्यक्ष पद दुरुपयोग गरेको भन्दै कारबाईको मागसहित कार्यवाहक अध्यक्ष छनोट गरी मङ्सिर १ गते जिल्ला प्रशासन कार्यालय, पर्सामा निवेदन दर्ता गराएको बताइन्छ ।

गापा अध्यक्ष चौधरीले युवाहरूको आपसी विवादमा गापालाई बदनाम गराउने प्रयास गरिएको बताए। सूचना वा कुनै किसिमको माग गर्नु परे गापाको कार्यालयमा निवेदन दिन सकिने उनले बताए। अनशनरत रामजनमलाई वार्तामा बसेर समन्वय गर्ने प्रयास भइरहेको अध्यक्ष चौधरीले बताए।

## सिसिटिभी मरम्मतको अभावमा बन्द

प्रस, सेढवा, २४ मङ्सिर/

प्रभावकारी सेवाप्रवाहका लागि विभिन्न कार्यालयमा जडान गरिएका सिसिटिभी मरम्मतको अभावमा उपयोगविहीन भएका छन् ।


तस्वीरः फाइल

सेवाप्रवाह प्रभावकारी तथा शिक्षक, विद्यार्थीको निगरानीका लागि सामुदायिक विद्यालयहरूमा समेत स्थानीय तहले सिसिटिभी जडान गरेको थियो। तर अहिले अधिकांश सिसिटिभी मरम्मत सम्भारको अभावमा बन्द छन्।

जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनीलगायत गाउँपालिकाले कार्यपालिकाका कार्यालयका साथै माध्यमिक तहका विद्यालयहरूमा समेत सिसिटिभी जडान गरेको थियो ।

अधिकांश सिसिटिभी बिग्रेका छन् र तिनीहरूको मरम्मत नहुँदा प्रयोगविहीन भएका छन्। सखुवाप्रसौनी गापा-१ स्थित नेरामावि सिरही सथवलका प्रधानाध्यापक दिलीप बुढाथोकीले जडान गरिएको सिसिटिभी केही दिनमैं बिग्रेको र मरम्मत सम्भार नहुँदा हालसम्म सञ्चालनमा नआएको बताए । मौखिकरूपमा सम्बन्धित निकायलाई पटक-पटक मरम्मतको लागि जानकारी गराए पनि पहल नभएको उनले आरोप लगाए।

जीराभवानी गापा-२ स्थित नेरामावि सेढवा बिर्ताका प्रधानाध्यापक जीतेन्द्रप्रसाद गौरोले विद्यालयमा पर्खाल लगाउने कार्य अधूरो रहेकाले बाहिरका मानिस प्रवेश गरी सिसिटिभीमा क्षति पुऱ्याएको बताए। उनले यसरी क्षतिग्रस्त सिसिटिभीहरूलाई मरम्मत सम्भार गरेर पुनः जडान गर्नुको साटो खोलेर थन्काइराखेको बताए ।

पटेर्वासुगौली गापाका सूचना प्रविधि अधिकृत सोलेन्द्र पञ्जियारले कार्यालयको सिसिटिभीको सिस्टम बिग्रिएकोले मरम्मतका लागि पठाएको बताए। उनले विद्यालयहरूमा जडान गरिएका सिसिटिभीहरू सञ्चालनमा रहेकाले कुनै पनि विद्यालयबाट बिग्रिएको सूचना नआएको बताए । उनले वडा नं २ रङ्गपुरमा जडान गरिएको सिसिटिभी सञ्चालनमा रहेको र प्राविधिक सामग्री प्रहरी चौकी रङ्गपुरको कार्यालयमा राखिएको बताए ।

सखुवाप्रसौनी गापाका प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्र चौधरीले सिसिटिभीका सम्बन्धमा जानकारी नभएको प्रतिक्रिया दिए । सिसिटिभी बिग्रेको सम्बन्धित शाखामा परिपत्र आए मरम्मत गरी सञ्चालनमा ल्याउने अधिकृत चौधरीले बताए ।

सिसिटिभीसँगै विद्यालयहरूमा शिक्षकहरूको नियमित उपस्थितिको लागि ई-हाजिरीको पनि व्यवस्था गरिएको थियो। अहिले ई-हाजिरी पनि प्रभावकारी देखिएको छैन । शुरूको दिनमा ई-हाजिरीका कारण शिक्षकहरू नियमितरूपमा समयमा विद्यालय आउने र फर्कने गरेका थिए तर त्यसको पनि चोरबाटो खोजेपछि अहिले शिक्षकहरू आफूखुशी विद्यालय आउने र जाने गरेका छन्। तोकिएको समयमा ई-हाजिरी गर्ने र प्रवेश तथा बाहिरिने कार्य गर्दै आएका छन् ।

शिक्षकहरू विद्यालय प्रवेश गर्दा ई-हाजिरी गर्ने र त्यसपछि बाहिरिने तथा पुनः ई-हाजिरी गर्नको लागि विद्यालय आउने गरेका छन् । बीचको समयमा उनीहरूले आफूखुशी काम गर्दैछन्। ई-हाजिरीसँगै शिक्षकहरू बाहिरिंदा लगबूकमा कारण देखाएर हाजिरी गरेर जानुपर्ने र आउनुपर्ने प्रणाली विकसित नहुँदा ई-हाजिरीको पनि अहिले दुरुपयोग भइरहेको छ ।

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार
नेपाल सरकार
विज्ञापन बोर्ड


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

## विचारसार र सूक्तिहरू

**श्रेष्ठ व्यक्ति कहिल्यै मर्न सक्दैन ।**

**– कैली मार्क्स**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# तीन तहको निर्वाचन

**निर्वाचन खर्च घटाउन तीनै तहको निर्वाचन एकैपटक गराउनुपर्ने विषयमा चर्चा चलेको छ। वर्तमान सत्ता गठबन्धनका प्रमुख नेताहरूले सार्वजनिक कार्यक्रममा नै चर्चा चलाएका छन् । निर्वाचन आयोगमा भने यस किसिमको प्रस्ताव लिएर कुनै पनि राजनीतिक दल नपुगेको आयोगका अधिकारीहरूको भनाइ छ। हाम्रो मुलुकमा तीन तहको सरकार छ। उक्त तीनै तहको निर्वाचन छुट्टाछुट्टै सम्पन्न गर्दा राज्यकोषबाट धेरै खर्च हुने गरेको र विभिन्न राजनीतिक दल तथा उम्मेदवारहरूले छुट्टाछुट्टै खर्च गर्दा पनि मुलुककै अर्थतन्त्रमा नकारात्मक असर पर्ने हुँदा यसबाट मुक्त हुन पनि तीन तहको निर्वाचन एकैपटक गरिनुपर्ने तर्क छ । अर्कोतर्फ तीन तहको निर्वाचन एकैपटक सम्पन्न गर्न प्राविधिक र कानूनीरूपले सम्भव नहुने तर्क छ । तीन तहको निर्वाचन हुनुपर्ने अवधि फरक रहेकाले एकैपटक सम्पन्न गर्न कानूनी अडचन छ। एकैपटक मतदान गर्दा हाल निर्धारित मतदान केन्द्र र जनशक्ति अपुग हुने, धेरैवटा मतपत्रमा मतदान गर्दा मतदाता अल्मलिने निर्वाचन आयोग पक्षको तर्क छ । एकैसाथ मतदान गर्दा एकजना व्यक्तिलाई मतदान गर्न १८ मिनेटभन्दा बढी समय लाग्ने र जसको कारण हाल एक दिनमा मतदान गर्ने सङ्ख्याका मतदाताले मतदान गर्नुपर्दा तीन दिनभन्दा बढी समय लाग्ने आयोगका आयुक्तहरूको भनाइ छ ।**

**मुलुकले एकल र संयुक्त निर्वाचनका अनुभवहरू सँगालिसकेको छ । यसअघि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक भएको हो । सोभन्दा पहिलेका एकल निर्वाचनहरूको अनुभव पनि छ । अघिल्लो व्यवस्थादेखि नै स्थानीय र प्रतिनिधिसभाको निर्वाचन फरक समयमा गरिंदै आइएको छ । अहिले तीनै तहको निर्वाचन एकैपटक हुनुपर्ने चर्चा चल्नुमा केही राजनीतिक कारण पनि छन् । सत्ता गठबन्धनका अधिकांश दल तीन तहको निर्वाचन एकैपटक हुनुपर्ने पक्षमा देखिएका छन्। स्थानीय तहको निर्वाचन जतिसक्दो पछि सार्ने पक्षमा उनीहरू छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले साथै सत्ता गठबन्धनको ठूलो दल नेपाली काङ्ग्रेस विगतझैं प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक तर स्थानीय तहको निर्वाचन भने छुट्टै चरणमा गर्नुपर्ने बताउँछन्। केही अगुवा नेताले यसरी अभिव्यक्ति दिइरहँदा सोही दलका अन्य नेताहरू भने तीनै तहको निर्वाचन एकैपटक हुनुपर्ने पक्षमा छन् ।**

**राष्ट्रियसभाको चुनाव वा उपचुनावमा जस्तो गठबन्धनकै रूपमा आम चुनावमा जान सक्ने सम्भावना छैन । यतिबेला नेका महाधिवेशनमा होमिएको छ। महाधिवेशनअघिको गुट, उपगुट र महाधिवेशनको प्रतिस्पर्धाले दरल्लिएको घाउ सुधार हुन केही समय लाग्छ। त्यसैगरी, गठबन्धनका अन्य दलहरूमा विभाजनको चोट आलै छ। विभाजनपछि सङ्गठन निर्माणविना नै चुनावमा जाने हो भने अकल्पनीय क्षति हुन सक्ने डर छ। टिकट वितरणदेखि मतदानसम्म पनि घात प्रतिघात हुन सक्ने गठबन्धनका दलहरूमा त्रास छ । राजनीतिक दलहरूबीच सहमति बनेमा नियम, कानून र प्राविधिक पक्ष मिलाउन नसकिने होइन। तर आयोगका पदाधिकारीहरूलाई एकैपटक होइन, पटक-पटक चुनाव चाहिएको छ । आयोगमा सधैं चहलपहल रहिरहोस् भन्ने मेसो लिन पनि त्यसो गर्नुपरेको हुन सक्छ। राष्ट्रिय महत्त्वका कुनै पनि विषयमा आआफू पक्षीय स्वार्थलाई छाडी राष्ट्रिय स्वार्थलाई केन्द्रबिन्दुमा राख्ने हो [redacted]ुग्न सकिन्छ ।**

# कमजोर विपक्षी विकासका लागि घातक

स्वतन्त्र विचार



**वैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

> **नेपाली समाजमा नैतिक र भौतिकरूपमा विपक्षीको लामो समयदेखि सान्है कमजोर उपस्थिति हुनुले पनि विसङ्गतिहरूले मलजल पाएको छ । बलिया बाङ्गाहरू पद, पैसाको पछाडि यसरी भागेका छन् कि उनीहरू नाम मात्रको विपक्षी रहेका छन् ।**

मुलुकमा दशकौंदेखि रहेका सङ्कटहरू घट्नुको सट्टा झन्झन् बढ्दै गएको देखिन्छ। गरीबी, बेरोजगारी, महँगी, भ्रष्टाचार, अनैतिकता, स्वच्छन्दता, नातावाद, भागबन्डा, भेदभाव, अपारदर्शिता जस्ता समस्याहरू कति पनि घटेको छैन । भलै नेताहरूले आफ्नो भाषणमा मेरो सरकारले थुप्रै विकास निर्माणका कार्य गरेको कुरा सिंहझैं गर्जेर सार्वजनिकरूपमा बताओस् तर वास्तवमा व्यवहारमा कुनै पनि क्षेत्रमा विकास निर्माणका कार्य भएको पाइँदैन ।

शिक्षा, स्वास्थ्य, खानेपनी, सञ्चार, विद्युत् यातायातजस्ता विकासका कुरा गर्ने हो भने अपेक्षाकृत विद्युत्को क्षेत्रमा सन्तोषजनक कार्य भएको पाइन्छ। अन्य सबै क्षेत्र कमिशनको गोलचक्करमा फसेर बर्बाद भएको सबैले स्पष्ट देख्न सक्छ । भन्नको लागि शिक्षा क्षेत्रमा आधारभूत तहसम्मको शिक्षा निश्शुल्क गरिएको छ तर व्यवहारमा सबै क्षेत्रको शिक्षा सशुल्क नै छ। भर्ना फारामको नाममा परीक्षाको नाममा, कम्प्युटरको नाममा, विद्युत्को नाममा, खेलकूदको नाममा, स्वास्थ्यको नाममा, प्रमाणपत्रको नाममा आदि इत्यादि शीर्षकमा अभिभावकहरूसँग चर्को शुल्क सामुदायिक विद्यालयहरूसमेतले असुलेको देखिन्छ। यसको अलावा फर्जी नामाङ्कनको सूची खडा गरेर विद्यार्थीको लागि आएको निश्शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, खाजा भत्ता, सेनेटरी प्याड आदिको रकममा व्यापक हिनामिना हुने गरेको छ ।

बजारमा कुनै पनि वस्तुको दरभाउमा एकरूपता छैन । फरक-फरक पसलमा एउटै वस्तुको फरक-फरक मूल्य छ । सामान खरीद गर्दा भ्याट बिल माग्दा पनि नदिने व्यापारीहरू नमाग्दा झन् के दिन्छन् ? नक्कली मालसामानले बजार भरेको छ। म्याद सकिएका सामग्रीसमेत बिक्री वितरण हुँदैछ । यतिधेरै अनियमितता हुँदा पनि सरोकारवाला निकाय केही थाहा नपाएजस्तो गरेर आफ्नो कार्यालयमा थन्केर बसेका छन्। कहिले बजार अनुगमन हुन्न भइहाले पनि त्यो केवल औपचारिकता मात्र हुन्छ ।

कमिशनले नछोएको अहिले कुनै क्षेत्र नै छैन । कालो कमाइको मुख्य माध्यम नै यतिबेला कमिशन हुन पुगेको छ। अझै दशदेखि बीस प्रतिशत कमिशन वैध नै हो समेत भन्न थालिएको छ। कमिशनको प्रभावले पप्पु कन्स्ट्रक्शनद्वारा निर्माण गरिएको पक्की बाटो तथा पुल उद्घाटनपूर्व नै लडेको कसैले बिर्सेको छैन । सबैलाई थाहा छ, कमिशन नदिएसम्म मन्त्रालयहरूमा कुनै पनि फाइल सदर नै हुँदैन । वास्तवमा हाम्रो देश बर्बाद हुनुमा प्रमुख कारण कमिशन पनि हो। पार्टीले पाँच/पाँच वर्षमा चुनाव लड्नु छ। प्रत्येक तहको चुनावमा लाखौं-करोडौं रुपैयाँ खर्च गर्नुपर्ने स्थिति बस्दै गएको छ । यसो पार्टी वा नेतालाई त्यतिधेरै मोटो रकम चन्दा दलाल पूँजीपतिबाहेक कसैले दिन नसक्ने अवस्था रहेकोले चुनावपछि बनेको सरकार स्वभावैले तिनै दलाल पूँजीपतिको सुविधा र सहजतामा ऐन कानून निर्माण गर्ने गर्दछ ।

हाम्रो देशको राजनीति अहिले व्यापारजस्तै भएको छ। जसरी एउटा व्यापारमा व्यापारीले पूँजी लगानी गर्छ, ठीक त्यसैगरी यतिबेला राजनीतिमा दलाल पूँजीपति वा स्वयम् उम्मेदवारले घरखेत बेचेर वा ठूलो राशि ऋण गरेर चुनावमा लगानी गर्छ। जितेपछि सबैभन्दा पहिले उसको ध्यान चुनावताका गरिएको लगानी असुलउपर गर्नमा जान्छ। आफ्नो लगानी ब्याजसमेत असुलेपछि आउने अर्को चुनावको लागि हुने खर्चसमेत आफ्नै कार्यालयमा जम्मा गर्छन् । यतिमात्र नभएर आफ्नो तीन पुस्ता बसी-बसी खानेगरीसमेत कमाउने विभिन्न उपायको समेत खोजी गरेर त्यसलाई अवलम्बन गर्ने गर्छन्। यस अन्तर्गत विदेशी शक्ति राष्ट्र तथा दलाल पूँजीपतिहरूको दलाली गर्ने कार्यमा पद र पैसा हाम्रो समाजमा सर्वश्रेष्ठ रहँदै आएको छ । यी कुरा सामन्तवादको ठूलो देन हो। पद र पैसा नभएको मानिसलाई समाजमा कुनै महत्त्व दिइँदैन । भन्नको लागि यतिबेला हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौं तर यसको बजार अझै पनि सामन्तवादबाट मुक्त भएको छैन। पार्टीहरूको नाम चाहे जेसुकै होस् तर सबैको काम एकै प्रकारको देखिएको छ। नेपाली काङ्ग्रेस आफूलाई प्रजातान्त्रिक पार्टी भन्ने गर्छ। त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी नामक अनेक वाम पार्टी खुलेका छन्, जसको झन्डा, नाम, नीति सबै कुरा सैद्धान्तिकरूपमा फरक-फरक देखिन्छन् तर व्यावहारिकरूपमा हेर्ने हो भने यिनीहरू दुवै पटक-पटक सरकारमा गएका छन् । अझै नेपाली काङ्ग्रेसको शेरबहादुर देउवा पाँचपटक नेपालको प्रधानमन्त्री भइसकेका छन् । त्यसैगरी, पुष्पकमल दाहाल प्रचण्ड नेकपा माओवादी, बाबुराम भट्टराई, झलनाथ खनाल, माधव नेपाल, खड्गप्रसाद ओलीलगायत कथित कम्युनिस्ट नेताहरू पनि पटक-पटक प्रधानमन्त्री भइसकेका छन् तर कसैले पनि कमिशन उन्मूलनमा पाइला चालेको, भ्रष्टाचारका संस्थागत ठूला माछाहरूविरुद्ध ठोस कार्यक्रम सञ्चालन गरेको इतिहास आजसम्म देखिएको छैन। बरु यसको ठीकविपरीत यिनीहरू सत्तामा छँदा प्रत्येकले एक/एक वटा भ्रष्टाचारका ठूला काण्ड प्रत्यक्ष-परोक्षरूपमा घटाएको देखिन्छ। तर कहिले पनि भ्रष्टाचारलाई जरैदेखि निर्मूल पार्ने ठोस नीति तर्जुमा गरेको देखिन्न ।

सत्तामा प्रतिपक्षको दबाबले जनहितको कार्य गर्न सरकारलाई ठूलो दबाबको भूमिका खेल्ने उद्देश्यले नै संसद्भित्र पक्ष प्रतिपक्ष रहँदै आएको छ । तर हामीकहाँ आजसम्म कहिले पनि जनहितको लागि प्रतिपक्षीहरूले जनतालाई सडकमा व्यापकरूपमा परिचालन गरेको देखिएको छैन । बरु तैं चुप मैं चुपको रणनीतिमा पक्ष र प्रतिपक्ष दुवै मिलेर राज्यकोषको दोहन गरेको, प्राकृतिक सम्पदामाथि व्यापक लूट मचाएको, राज्यकोषको व्यापक दुरुपयोग गरेको, सेवा तथा सुविधाको प्रत्येक अवसरलाई योग्यता, क्षमताभन्दा पनि राजनीतिक दलहरूको लागि भागबन्डाको विषय बनाएर कोटा छुट्याएर ब्रह्मलुट मचाएको सबैले देखेकै कुरा हो। भागबन्डा र कोटा प्रणालीको पछिल्लो प्रकरणमा न्यायपालिकासमेत प्रधानन्यायाधीशको राजीनामाको मुद्दामा तीन महीनासम्म इजलासविहीनताले राजनीतिको असली रूप उदाङ्गो गरेको छ ।

नेपाली समाजमा नैतिक र भौतिकरूपमा विपक्षीको लामो समयदेखि सान्है कमजोर उपस्थिति हुनुले पनि विसङ्गतिहरूले मलजल पाएको छ। बलिया बाङ्गाहरू पद, पैसाको पछाडि यसरी भागेका छन् कि उनीहरू नाम मात्रको विपक्षी रहेका छन्। अहिले एमसिसीजस्तो राष्ट्रघाती सम्झौताविरुद्ध सत्तापक्ष, विपक्ष सबै मौन छन् । सहज र आफू अनुकूल अवस्था आउने हो भने कुनै पनि बेला यिनीहरू यो सम्झौता संसद्बाट पास गर्न तम्तयार छन् । छवटा कम्युनिस्ट पार्टी मिलेर संयुक्त विरोध गरेका भएपनि उनीहरूको समेत मनस्थिति अस्थिर खालको रहेकाले जनताको विश्वास पाउन कठिन छ । नेपालमा लामो समयदेखि कमजोर विपक्ष हुनु विकास निर्माणको लागि घातक हो भन्दा कुनै अन्यथा नहोला।

# वन समूहको सार्वजनिक सुनवाइ तथा उपभोक्ता भेला

प्रस, निजगढ, २४ मङ्सिर/

निजगढ नपा-४ बागदेवस्थित बाघभैरव सामुदायिक वन उपभोक्ता समूहले शुक्रवार आयोजना गरेको सार्वजनिक सुनुवाइ तथा उपभोक्ता भेला सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवं वडाध्यक्ष जयराम कुमरले सामुदायिक वन समूहको कार्ययोजना अनुसार आम उपभोक्तालाई समेट्दै वन संरक्षणमा अघि बढ्न सुझाव दिए । वन समूहमा गरिने जुनसुकै कार्यमा पनि पारदर्शितालाई ध्यान दिंदै दिगो योजनाका साथ अघि बढ्नसमेत उनले आग्रह गरे। जबसम्म सामुदायिक वनबाट उपभोक्ताहरूले प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पाउँदैनन्, तबसम्म वन संरक्षणमा उपभोक्ताहरूको सक्रिय सहभागितामा कमी आउने बताउँदै वन समूहका पदाधिकारीहरूले आम उपभोक्ताहरूलाई हाम्रो कार्य र हाम्रो वन समूह भन्ने भावना पैदा हुने गरी काम गर्न प्रमुख अतिथि कुमरले सुझाए ।

डिभिजन वन कार्यालय, बाराबाट सिमसार क्षेत्र व्यवस्थापनका लागि प्राप्त ३० लाख रकमबाट पोखरी निर्माण सम्पन्न र २० लाखबाट तारबारसहित चुरे क्षेत्रमा वृक्षारोपण कार्य सम्पन्न भएको जानकारी दिइएको थियो ।

केही साताअघि नवगठित वन उपभोक्ता समूहका पदाधिकारीहरूले सामुदायिक वन समूहमा भए गरेका कार्यहरूका बारे आम उपभोक्तालाई जानकारी दिने र अन्य कामका साथै आर्थिक पारदर्शितासमेत होस् भन्ने उद्देश्यले सो सार्वजनिक सुनुवाइ कार्यक्रम



तस्वीरः प्रतीक

आयोजना गरिएको कार्यक्रमका सभाध्यक्ष एवं बाघभैरव सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अमरलाल सिङ्तानले बताए ।

वन समूहलाई सही दिशामा अघि बढाउन डिभिजन वन कार्यालय र सबडिभिजन वन कार्यालयको महत्त्वपूर्ण भूमिका रहने बताउँदै सम्बन्धित निकायहरूबाट सकारात्मक र रचनात्मक सहयोगी भूमिका भई आम उपभोक्तालाई समेट्दै वन क्षेत्रको संरक्षण, विकासमा निरन्तर सक्रिय भई अघि बढ्न वक्ताहरूले सुझाव दिएका थिए । कार्यक्रममा तामागढी सबडिभिजन वन कार्यालयका निमित्त प्रमुख भूषण राम, वन समूहका पूर्वअध्यक्ष सुदर्शन लामिछाने, पत्रकार गोकुल घोरसाइने, पत्रकार जीतलाल श्रेष्ठलगायतले मन्तव्य राखेका थिए ।

डिभिजन वन कार्यालय, बाराका सहायक वन अधिकृत जवाहरलाल कुर्मी र सहायक वन अधिकृत आबिद हुसेनले सिमसार क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तर्गत भर्खरै सम्पन्न पोखरी र चुरे क्षेत्रमा तारबारसहित वृक्षारोपण सम्पन्न गरिएको क्षेत्रको अनुगमनसमेत गरेका थिए। कार्यक्रममा विभिन्न राजनीतिक दलका वडा प्रमुख एवं प्रतिनिधि, समाजसेवी, उपभोक्तालगायतको सहभागिता थियो । उक्त वन समूहका यशोदा बुढाथोकीले स्वागत मन्तव्य राखेकी थिइन् भने कार्यक्रमको सञ्चालन रामकुमार सिग्देलले गरेका थिए । सो कार्यक्रम निजगढ नपा-४ स्थित शहीद हीरालाल पार्कको सभाहलमा भएको थियो।

# श्रीसिया नदी प्रदूषणमुक्त अभियानको बैठक

प्रस, वीरगंज, २४ मङ्सिर/


तस्वीरः प्रतीक

श्रीसिया नदी प्रदूषणमुक्त अभियानको शुक्रवार बैठक बसेको थियो।

अभियानका अध्यक्ष सुरेन्द्र कुर्मीको अध्यक्षतामा बसेको बैठकले जागरण अभियानलाई निरन्तरता दिंदै पुस ९ गते घण्टाघरमा अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय गरेको छ। अन्तर्क्रियामा सांसद, मुख्यमन्त्री, विधायक, जनप्रतिनिधि, वीरगंज उद्योग वाणिज्य सङ्घ, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नागरिक समाज र विभिन्न सङ्घसंस्थाका प्रतिनिधिलाई अन्तर्क्रियामा सहभागी गराउने निर्णय भएको बृजेश्वरप्रसाद चौधरीले जानकारी गराए।

बैठकमा दीपेन्द्रसिंह पटेल, ओमप्रकाश सर्राफ, प्रकाश थारू, हरेन्द्र पटेल, अभिषेक तिवारी, अशोक श्रीवास्तव, मनोज मिश्र, पत्रकार युवराज खड्कालगायतका सहभागिता थियो ।

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# परिमार्जन हुँदै ग्रामीण स्वागत संस्कृति


स्वान्तः सुखाय

सञ्जय मित्र

mitrasanjay41@gmail.com


**यस सँगसँगै स्वागत संस्कृतिभित्रका अन्य धेरै कुरा बिस्तारै हराउन थालेका छन् । पुराना मानिसको अगाडि अहिलेको स्वागत संस्कारमा खासै आफ्नोपन नरहेको गुनासो छ तर समयलाई स्वीकार गरी परिवर्तनलाई सबैले अङ्गीकार गर्दै गएका छन् ।**

आजभोलि हरेक क्षेत्रमा परिवर्तन देखिन्छ । कुनै पनि पुरानो मानिसलाई आजसम्म जस्ताको त्यस्तै कुन कुरा रहेको छ भनेर सोध्ने हो भने कुनै पनि कुरालाई जस्ताको त्यस्तै देखाउन सक्दैन अर्थात् सबै क्षेत्रमा परिवर्तन भएको देख्न सकिन्छ ।

होला, आजभन्दा पचास वर्ष पहिले समाजको कुनै एक पक्ष जस्तो थियो, सोही पक्ष सय वर्ष पहिले पनि उस्तै रहेको हुन सक्ला वा निकै थोरै परिवर्तन भएको पनि होला वा परिवर्तनको मात्रा मापन गर्न सकिने रहेको पनि होला । पृथ्वीनारायण शाहको समयमा पनि केही कुरा आधुनिक थिए र त्यति बेलाको आधुनिक अहिलेको सङ्ग्रहालयमा राख्दा पनि पुरातन मान्न सकिएला र हुन सक्छ पृथ्वीनारायण शाहको समयमा पनि कतिपय कुरा पुरातन मानिएको होला । यहाँ भन्न खोजिएको कुरो के हो भने आधुनिकताको पनि समय हुन्छ र परिवर्तन हुँदै गएपछि आधुनिक पनि पुरानो बन्न पुग्दछ । यो कुरो हरेक क्षेत्रमा लागू हुन्छ ।

सामाजिक संस्कृतिको सन्दर्भमा पनि परिवर्तन तथा परिमार्जन हुँदै गएको देखिएको छ । कतिपय संस्कृतिमा निरन्तर परिमार्जनले संस्कृति नै परिवर्तन भएको पनि पाइएको छ । संस्कृतिको स्वरूप बदलिएको छ र अहिलेको नयाँ पुस्ताले जसरी संस्कृतिलाई मानिरहेका छन्, सोही पुस्ताले अबको केही दशकपछि हाम्रो जमानामा रहेको फलानो संस्कृतिको स्वरूप निकै परिवर्तन भइसकेको बताउन थाल्नेछ । यही सन्दर्भले के बताउँछ भने संस्कृतिको स्वरूपमा निरन्तर परिवर्तन भइरहेको हुन्छ ।

गाउँघरमा पनि सामाजिक संस्कृतिको स्वरूपमा परिवर्तन भइरहेको छ । यस प्रकारको परिवर्तन साना भनिने व्यवहारमा पनि भएको पाइएको छ । पहिले आफूलाई पढाउने शिक्षकलाई देख्नासाथ विद्यार्थीहरू खुट्टामा ढोग्न जान्थे । कम्तीमा खुट्टा छोएको जस्तो निहुरेर गर्दथे । यो गर्नैपर्ने बाध्यता भने थिएन तर कतिसम्म हुन्थ्यो भने यदि कसैले आफ्ना गुरुका अगाडि निहुरेर खुट्टा छोएको जस्तो गरी प्रणाम गरेन भने उनलाई अरूले भन्दथे कि फलानोले गुरुलाई ढोग्दैन । गुरुको अगाडि फलाना त यसरी ठाडै शिरले प्रणाम गरेको वा गर्दछ । ठाडै शिर प्रणाम गर्दा प्रणाम गरेको वा नगरेकोमा कुनै फरक छैन । प्रणाम गर्नुको अर्थ हुन्छ झुक्नु । नझुकीकन प्रणाम गर्ने होइन, मुखले प्रणाम भनेर के हुन्छ ? प्रणाम मुखले भन्ने होइन, शरीरले गर्ने संस्कार हो संस्कृति हो ।

बिस्तारै टाउको निहुराएर प्रणाम शब्द उच्चारण गर्न थालियो । यो पनि परिवर्तन नै थियो । त्यसपछि टाउको ठाडै राखेर दुईटै हात जोडेर प्रणाम शब्द उच्चारण गर्न थालियो । अझ यसमा परिमार्जन हुँदै टाउको ठाडै राखेर दुईटै हात जोडी प्रणाम शब्द उच्चारण गर्ने तथा टाउको ठाडै राखेर दुईटै हात अलिकति जोडेजस्तो गरी प्रणाम शब्द उच्चारण गर्न थालियो र अब त शब्दमा पनि प्रणाम खिइसकेको छ । बिस्तारै गुरुलाई पनि नमस्कार भन्ने चलन चलिसकेको छ । नमस्कार पनि मुखले भन्ने गरिएको छ अर्थात् नमस्कार भनेको जस्तो गर्ने गरिएको छ ।

घरमा गरिने स्वागतमा पनि व्यापक परिवर्तन भइसकेको छ । देख्दादेख्दै स्वागत संस्कृतिमा अकल्पनीय परिवर्तन भइसकेको पाइन्छ । पहिले घरमा कोही पाहुना आउँदा पाहुना घरनजीक पुगेपछि घरमा नगई नजीकै उभिएर फलानोको फलानो पाहुना आएका छन् भन्ने खबर घरमा पठाइन्थ्यो । जसको घरमा पाहुना गएका छन्, ती घरका सम्भव भएसम्म ठूलो मानिस त्यहाँसम्म लिन पुग्ने । त्यसलाई अगवानी भनिन्थ्यो । पाहुनालाई गरिने स्वागत वा सम्मानको पहिलो संस्कृति अगवानी थियो । अहिले त यो पूरै हराइसकेको छ । सम्भव हुँदासम्म त पाहुना गोआस अर्थात् बैठकामा नै सोझै पुग्ने चलन थियो तर गोआस वा बैठका सबैको हुँदैनथ्यो । जति सम्पन्न मानिस त्यत्ति सम्पन्न बैठका वा गोआस हुन्थ्यो । आजभोजि गोआस र बैठकाको व्यवस्थापन कम हुँदै गएको छ ।

यदि घरमा खबर पठाउने कोही नपाउँदाको अवस्था छ र पाहुना सोझै घरमा पुग्छन् भने सबैभन्दा पहिले घरका मानिसलाई बोलाउँथे । अथवा घरमा मानिसले नै पाहुनालाई देख्दथे । भेट हुनुको अर्थ हो दुवैजनाको नाता अनुरूपको अभिवादन र आशीर्वाद आदानप्रदान हुन्थ्यो । यो बडो हार्दिक हुन्थ्यो, सात्त्विक हुन्थ्यो । त्यसपछि सामान्य पाहुना भए लोहोटामा पानी दिएर खुट्टा पखाल्न भनिन्थ्यो । यो खुट्टा पखाल्नु पनि ठूलो महत्त्वको हुन्थ्यो । विशिष्ट पाहुना भए घरको हैसियत अनुसार काँस वा अन्य कुनै धातुको थाल (छिपा)मा पानी ल्याइन्थ्यो र पाहुनाको एउटा खुट्टा त्यसमा आफैंले जस्तो राख्न लगाएर पखालिन्थ्यो र त्यसपछि अर्को खुट्टालाई पनि थालमा नै राखेर पखालिन्थ्यो । खुट्टा पखालेको पानी चाहिं एकातिर मिल्काइन्थ्यो तर खुट्टा पखालेको पानीलाई पनि अपमानपूर्वक फालेको भन्ने भान हुँदैनथ्यो । अहिले पनि कुनै परिवारमा धेरै ठूलो नाता अर्थात् कम्तीमा दुई पुस्ताको नाता पर्ने मान्छे आउँछन् भने कतै कतै गाउँघरमा थालमा पानी हालेर खुट्टा पखाली स्वागत गर्ने हार्दिक सम्मानपूर्ण स्वागत संस्कार रहेको छ । खुट्टा पखालेर घरमा पाइला राख्न अर्थात् घरमा भित्र्याउने संस्कार अलिकति भएपनि जीवित रहेको छ तर कहिलेसम्म रहने हो, निश्चित छैन ।

पहिले कोही कसैकहाँ पाहुना जाँदा कोसेली लाने चलन थियो । कोही पाहुना आउँदा बालबालिकाहरूलाई भने खुशी यसै कारण लाग्थ्यो कि पाहुना आउँदा कम्तीमा निम्चुस त खान पाइन्थ्यो । पाहुना आउँदा घरका बालबालिकाहरू भने पूरै सतर्क हुन्थे । जस्तोसुकै चल्ने बालबालिका भएपनि पाहुना आएको थाहा पाउनासाथ सतर्क हुन्थे । सतर्क गराइन्थ्यो पनि ।

पाहुनासित भलाकुसारी हुन्थ्यो सामान्य । पाहुनालाई कम्तीमा तन्ना भएको ओछ्यानमा बस्न लगाइन्थ्यो । पहिले हरेकको घरमा तन्ना हुँदैनथ्यो । सबैको घरमा खाट हुँदैनथ्यो तर पाहुना त सबैका घरमा आउँथे । सुकुल बिछ्याएर त्यसमाथि तन्ना ओछ्याइन्थ्यो । यो पाहुनालाई गरिने आदर सम्मानको एउटा अङ्ग थियो ।

पछि बिस्तारै गाउँमा कुर्सीको प्रवेश भयो । कुर्सीमा बस्न लगाइन्थ्यो । कोही पाहुना गाउँमा पुग्दा कुर्सीमा बसाउनुलाई पाहुनाले पनि ठूलो वा राम्रो सम्मान गरेको भन्ठान्दथे । अरूहरूको नजरमा पनि यो सम्मानलाई राम्रो मानिन्थ्यो । बिस्तारै कुर्सीको प्रयोग बढ्दै गयो र जब प्लास्टिकको कुर्सी आयो, तब कुर्सीमा हुने सम्मान अति सामान्य हुन पुग्यो । यसको अर्थ यो पनि हो कि कुर्सीमा धेरैको पहुँच विस्तार हुन पुग्यो र यो सामान्य हुन पुग्यो ।

पाहुना आउँदा आफ्नो हैसियत अनुसारको अन्य स्वागत र खानपान हुनु एउटा पृथक पक्ष हो तर सम्भव भएसम्म हरेक सदस्यसित व्यक्तिगत भेटघाट र भलाकुसारी हुन्थ्यो । व्यक्तिगत भेटघाट सम्भव नहुने वा गर्न नहुने नाता सम्बन्धका मानिस हुँदा पनि तिनको बारेमा विस्तृत खबर बुझ्ने काम हुन्थ्यो । पाहुना लाग्दा एउटा अर्को पनि काम हुन्थ्यो सम्झाउने । राम्रोलाई अझ राम्रो बन्न प्रेरणा दिने काम हुन्थ्यो । र यदि अलिकति नराम्रो सुनिएको छ भने तिनलाई सप्रिनको लागि सम्झाइन्थ्यो । यसरी कुनै नजीकका नातेदारले आफन्तलाई सम्झाइबुझाइ गर्ने संस्कारले निकै ठूलो महत्त्व राख्दथ्यो ।

अहिले समय बदलिएको छ । पहिलेको जस्तो तरुआ खुवाउने चलन अब हराइसकेको छ । सडक र सवारीसाधनको विकास भइसकेको छ । यसले गर्दा होटलमा नै खुवाउने चलन बढ्दै छ । यस सँगसँगै स्वागत संस्कृतिभित्रका अन्य धेरै कुरा बिस्तारै हराउन थालेका छन् । पुराना मानिसको अगाडि अहिलेको स्वागत संस्कारमा खासै आफ्नोपन नरहेको गुनासो छ तर समयलाई स्वीकार गरी परिवर्तनलाई सबैले अङ्गीकार गर्दै गएका छन् ।

---

**रोगबाट बच्नु छ भने पैदल हिंडौं**

**दिमाग**: सातामा दुई घण्टा हिंड्दा ब्रेन स्ट्रोकको खतरा ३० प्रतिशतसम्म घट्छ ।
**हाड**: सातामा चार घण्टा हिंड्नाले हिप फैक्चरको खतरा ४० प्रतिशतसम्म कम हुन्छ ।
**व्यवहार**: दिनभरिमा यदि ३० मिनेट हिंड्नुहुन्छ भने डिप्रेशनको खतरा ३६ प्रतिशतसम्म घट्छ ।
**वजन**: प्रतिदिन २० देखि ३० मिनेटसम्म हिंड्दा मोटोपनको दर ५० प्रतिशतसम्म घट्छ ।

---

# "मेनरोड"को चित्कार सुन हो सरकार !


सरोकार

राजेश मिश्र

rajesh560107@gmail.com


**हिन्दी सुमधुर गीत 'चाँद जैसे मुखडे पे बिन्दिया सितारा' जस्तै चाँदरूपी वीरगंज शहरको बिन्दीरूपी मुख्य सडकको स्तरोन्नति नहुन्जेलसम्म वीरगंजको सुन्दरता कदापि अनुभूति गर्न सकिंदैन । त्यसैले वीरगंज महानगरपालिकालगायत मेनरोडको चित्कार सबै तहका सरकारले सुन्नुपर्छ ।**

'सोरहो शृङ्गार, ई घेघवे बिगाड' परापूर्वकालदेखि यो भोजपुरी लोकोक्ति प्रचलनमा छ । यस लोकोक्तिको सिर्जना हुनुको कारण के हो ? आउनुस्, यस आलेखको मूल प्रसङ्गअघि उपरोक्त लोकोक्तिको उत्पत्तिको कारण प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ ।



वीरगंज महानगरको मेनरोड । तस्वीरः लेखक

परापूर्वकालको घटना हो । एक महिलाले नयाँ परिधान, पाउडर, लिपस्टिक, नेल पोलिस, महावर, चुरा, बिन्दी, पायल, नथिया, कानबालीलगायत सोर्‍ह शृङ्गार गरेर सजिएकी थिइन् । घरीघरी आफूलाई ऐनामा हेर्थिइन् । उनी आफू कस्तो देखिंदै छु भन्दै अन्य महिलाहरूसँग जिज्ञासा प्रकट गर्थिइन् । महिलाहरूले लाख सुन्दरताको बावजूद ती महिलालाई उनको असुन्दरताको कारण अवगत गराए । कारण यस्तो रहेछ– 'ए कनिया बडी सुन्दर लौक तारू हो, मने हई घेघवा बेमारी के चलते तोहर सुन्दरता बिगड गइल बा ।' अर्थात् ए दुलही बडो सुन्दर देखिइरहेकी छौ । तर गलगण्ड रोगले तिम्रो सुन्दरता बिगारिदिएको छ । ती महिलालाई गलगण्ड रोग छ र यसको उपचार गर्नुपर्छ भन्ने कुरा थाहा नभएको होइन । यद्यपि ती महिलाले रोगको उपचारभन्दा पनि कुरूपतालाई ढाक्ने अस्त्रको रूपमा शृङ्गारको सहारा लिन्थिन् । तर रोग शरीरको प्रमुख स्थान अर्थात् घाँटीमा भएकोले सहजै दृश्यमान हुन्थ्यो । त्यस कारण सोर्‍ह शृङ्गारले कुरूपतालाई ढाक्नु असम्भव थियो । यो कुरा एक कान, दुई कान हुँदै गाउँगाउँसम्म फैलियो ।

उहिलेका पुस्ता कुनै पनि प्रसङ्गलाई संक्षिप्त गर्दै लोकोक्तिमा रूपान्तरण गर्न माहिर थिए । कसैले उपरोक्त प्रसङ्गलाई 'सोरहो शृङ्गार, ई घेघवे बिगाड'को रूपमा सिर्जना गरे । त्यसपछि मिल्दोजुल्दो घटनाक्रमहरूको सन्दर्भमा यो भोजपुरी लोकोक्ति उद्धृत गर्ने प्रचलन निरन्तर छ । वीरगंज शहरको पावरहाउस चोकदेखि मितेरी पुलसम्म सडकको दुरवस्था उपरोक्त भोजपुरी लोकोक्तिसँग सोर्‍ह आना मेल खान्छ ।

पथलैयादेखि मितेरी पुलसम्म व्यापारिक राजमार्गको निर्माण कार्यको समयसीमा दुई वर्षको थियो । पटक–पटक समयावधि थप हुँदै झन्डै छ वर्ष हुन लाग्दा अहिलेसम्म प्रगति अधूरो छ । पर्सा र बारालाई छुने एकमात्र राष्ट्रिय राजमार्गको काम निर्धारित समयमा सम्पन्न हुन्छ र फराकिलो पक्की सडक प्रयोग गर्न पाइन्छ भन्ने आम जनताको कल्पना स्वाभाविक थियो । तर ठेकेदारी प्रथामा समयसीमाभित्र काम सम्पन्न नगर्ने आचरण छताछुल्ल छ । अर्को दुःखद पक्ष भनेको ठेकेदारहरूप्रति सरकारी अन्धदृष्टि र राजनीतिक संरक्षण हो । सामान्य नागरिकले समयासीमाभित्र सरकारी दस्तुर/कर नतिर्दा जरिवानासहित असुल गरिन्छ । तर अपवादबाहेक ठेकेदारहरू 'उल्टा चोर कोतवालको डाटे'झैं प्रवृत्तिमा ओतप्रोत छन् । समयमा काम पनि नगर्ने र उल्टै महँगी बढ्यो भन्दै सरकारसँग अतिरिक्त रकम दाबी गर्ने नियत विद्यमान छ । के उनीहरूमा मनोमानी यसै बढेको हो ? के राजनीतिक र सरकारी छहारीविना दुर्नियत सम्भव छ ?

पछिल्लो समय गत बुधवार जिल्ला प्रशासन कार्यालय, पर्सामा बैठक बसेको समाचार पढ्न पाइयो । छ लेनको व्यापारिक राजमार्ग फागुन मसान्तभित्र सम्पन्न हुने समाचारहरू आएका छन् । उक्त बैठकमा व्यापारिक मार्ग आयोजनाले मितेरी पुलदेखि रजतजयन्ती चोकसम्म तत्काल टेन्डर गरी सडक प्याचिङ र ओभरल्यापको काम गर्ने तथा सडक विभागले तत्काल माईस्थान चोकदेखि पावरहाउस चोकसम्म सडकको स्टीमेट गरी निर्माण प्रक्रिया अगाडि बढाउने सहमति भएको कुरा सराहनीय छ । तर यहाँ मूल प्रश्न के हो भने माईस्थान चोकदेखि रजतजयन्ती चोकसम्मको सडकको दुरवस्थाप्रति किन चासो छैन ? कारण के हो ? यावत् प्रश्नहरूको उत्तर नियामक पक्षबाट अपेक्षित छ ।

जसरी मानव शरीरको बीच भागमा अन्ननली हुन्छ, त्यसैगरी वीरगंजको 'मेनरोड' हो । दक्षिण मितेरी पुलदेखि उत्तर पावरहाउस चोक र पूर्व नयाँ बसपार्कदेखि पश्चिम रानीघाटसम्मको चौहद्दीलाई वीरगंज शहरको रूपमा लिन सकिन्छ । किनभने यस चौहद्दीभित्र नून देखि सुनसम्म पाइन्छ । मानवीय सरोकारका प्रमुख सबै सरकारी अड्डा र व्यवसायहरू यसै चौहद्दीभित्र स्थापित छन् । यसै कारण मानिसहरूको आवागमन मुख्य सडक हुँदै वीरगंजको विभिन्न गन्तव्यसम्म पुग्छ । वीरगंजको पावरहाउस चोकदेखि मितेरी पुलसम्म, सडकको जर्जर अवस्थालाई वर्णन गरेर साध्य छैन । बढ्दो जनघनत्वको कारण खासगरी घण्टाघरदेखि नारायणी अस्पतालसम्म सडकको क्षमता दिन प्रतिदिन साँघुरिंदै गइरहेको छ । यसको अलावा ठाउँठाउँमा खाल्डाखुल्डी, जाम र सडकमैं पार्किङ आदिको बाध्यताले वीरगंज शहरको सुन्दरता कहालीलाग्दो छ । यस्तो लाग्छ कि वीरगंज अभिभावकविहीन छ र आमसास्ती कसैको सरोकारको विषय नै होइन ।

उपरोक्त भोजपुरी लोकोक्तिको कथाझैं वीरगंज शहरको प्रमुख समस्याप्रति जिम्मेवार पक्ष अनुत्तरदायी देखिन्छ । एशियाली विकास बैंकको परियोजना अन्तर्गत भएका विकास कार्यलाई अघि सारेर 'मेनरोड'को प्रमुख समस्यालाई ओत पार्ने काम भइरहेको छ । अर्थात् साँवा अरूको र ब्याज मेरो भन्ने मनोवृत्ति स्पष्ट छ । वीरगंजका शाखा तथा उपशाखालगायत समग्र सडकको अभिभावकको रूपमा उहिले स्थापित राष्ट्रिय राजमार्गले असीमित जनघनत्वलाई वर्षौंदेखि जसोतसो धानिरहेको छ । बेलाबेला मर्मतको नाममा शृङ्गारिने कार्य 'बालुवामा पानी'झैं भएको छ । प्रत्येक वर्ष झन्डै तीन/चार पटक सडक मर्मतको नाममा हजारौं खर्च गरेर लाखौं स्वाहा पार्ने नियत अनुत्तरदायी मनोवृत्तिको कारक हुन सक्छ । यदि त्यस्तो होइन भने स्थायी समाधानतर्फ अग्रसरता किन छैन ? यसरी समाधान शून्य काम गरेर राज्यको ढुकुटी स्वाहा पार्ने अविवेकी प्रवृत्तिको अन्तिम दिन कहिले हो ? स्थायी समाधान कहिले हुन्छ ? यावत् अनुत्तरित प्रश्नहरूको जवाफ सङ्घीय सरकार, प्रदेश सरकार, वीरगंज महानगरपालिका र सडक विभाग सबैले दिनुपर्छ ।

सुविधाप्राप्तिका लागि जनताले 'कडा सङ्घर्ष' नै गर्नुपर्ने बाध्यकारी परिस्थिति उत्पन्न गर्ने नियत खेदपूर्ण त छ नै सुखद पनि होइन । पर्सा जिल्लाको जीवनरेखा तिलावे पुलको व्यथा सबैलाई अवगत छ । आठ वर्षदेखि आम जनताको सरोकारसँग खेलबाड गरिरहेका सरकारी निकाय र ठेकेदारविरुद्ध युवाहरू सङ्गठित भए । सडक सङ्घर्षमा होमिए । महीनौंसम्म लगातार आवाज उठाइरहे । विभिन्न सरोकारवालासँग छलफल तथा संवाद गरे । तत्पश्चात् अवरोधक पक्षको सुषुप्त चेतनामा युवाहरूको सङ्घर्षको सञ्चार भयो । अहिले निर्माण कार्यले गति लिएको छ । यस्ता उदाहरणहरू धेरै छन् । के हरेक समस्या समाधानको लागि जनता सडकमैं आउनुपर्छ ? उच्च तहमा विरोधको सानो स्वरलाई नसुन्ने प्रवृत्ति किन छ ? माईस्थान चोकदेखि रजतजयन्ती चोकसम्मको सडक निर्माण कार्यको कुरा किन उठ्दैन ? आमचर्चालाई मान्ने हो भने लाभजन्य हावाहुरीले सरकारीदेखि राजनीतिक सबै तहका शक्तिलाई शक्तिहीन बनाइदिएको छ । घण्टाघरदेखि रजतजयन्ती चोकसम्मको क्षेत्रलाई 'एटिएम मेशिन'को रूपमा प्रयोग गरेर आमसास्तीलाई थाती राख्नु जस्तो दुर्भाग्यपूर्ण अरू केही हुन सक्दैन । गरीबहरूको खेत, खलियान र झुपडी खाली गराउनु धेरै सजिलो छ । जनता मूर्ख छैन, सबै कुरा बुझिरहेको छ ।

(बाँकी चौथो पातामा)

# द्रोण पर्व-५५

फेरि उनले अनेकौं तीखो बाण हानेर कृतवर्माको पृष्टरक्षक र सारथिलाई पनि घाइते पारिदिए । यस प्रकार उनलाई रथहीन गरेर महावीर सात्यकिले आफ्ना तीखो बाण हानेर उनको सेनालाई आच्छुआच्छु पारिदिए । त्यस बाणवर्षाबाट पीडित भएर कृतवर्माको सेना यत्रतत्र भइहाल्यो । अनि सात्यकि अगि बढेर बाण वर्षा गर्दै गजसेनाको साथ युद्ध गर्न थाले ।


वीरवर सात्यकिले हानेका वज्रतुल्य बाणहरूबाट व्यथित भएर लडाकूहरू हात्ती युद्धको मैदान छाडेर भाग्न थाले । उनीहरूका दाह्रा भाँचिए, शरीर रगताम्य भयो, मस्तक र गण्डस्थल च्यातिए तथा कान, मुख र सूँड छिन्नभिन्न भए । उनीहरूका माउतेहरू नष्ट भइहाले, पताका काटिएर खस्यो, मर्मस्थल विधिए, घण्टा भाँचियो, ध्वजा भङ्ग हुन पुग्यो, सवार वीर युद्धमा मारिए तथा हौदा खस्न पुग्यो । सात्यकिले नाराच, वत्सदन्त, भल्ल, अञ्जलिक, क्षुरप्र र अर्धचन्द्र नामक बाणले उनीहरूलाई साह्रै घाइते पारिदिए । यसबाट उनीहरू चिच्याउँदै, रगत छाड्दै र मलमूत्र त्याग गर्दै यताउति भाग्न थाले ।

यसैबेला हात्तीमाथि सवार भई महाबली जलसन्ध आफ्नो धनुष घुमाउँदै सात्यकिमाथि आइलागे । सात्यकिले उनको हात्तीलाई अकस्मात् आफूमाथि आक्रमण गर्न आइरहेको हेरेर आफ्नो बाणबाट रोकिदिए । यो हेरेर जलसन्धले सात्यकिको छाती ताकेर वार गरे । सात्यकिले बाण हान्न मात्र चाहेका थिए कि जलसन्धले एउटा नाराचले उनको धनुष काटिदिए तथा पाँचवटा बाण हानेर उनलाई घाइते पनि पारिदिए तर महाबली सात्यकि धेरैजसो बाणहरूबाट घाइते भए पनि अलिकति पनि विचलित भएनन् । उनले तत्कालै अर्को धनुष लिएर साठीवटा बाण हानेर जलसन्धको छातीमाथि वार गरे । उतातिरबाट जलसन्धले आफ्नो ढाल-तरबार उचालेर मच्चाइ सात्यकिमाथि फ्याँके । त्यो उनको धनुषलाई काटेर भुइँमा खस्यो । अनि सात्यकिले अर्को धनुष उचालेर त्यसको टङ्कार गर्दै एउटा तीखो बाण हानेर जलसन्धलाई विधिदिए, अनि दुईवटा क्षुरप्र बाणबाट उनले जलसन्धको भुजा काटिदिए तथा तेस्रो क्षुरप्र बाणबाट उनको टाउको गिडिदिए ।



महाभारतबाट सङ्कलन तथा अनुवाद
**उमाशङ्कर द्विवेदी**

जलसन्धलाई मरेको हेरेर तपाईंको सेनामा ठूलो हाहाकार मच्चियो । तपाईंका



योद्धाहरू यत्रतत्र भाग्न थाले । यत्तिकैमा शस्त्रधारीहरूमा सर्वश्रेष्ठ आचार्य द्रोण आफ्ना घोडाहरूलाई दगुराउँदै सात्यकिको सामु आइपुगे । यो हेरेर प्रधान प्रधान कौरवहरू पनि आचार्यको साथै उनीमाथि आइलागे । सात्यकिमाथि द्रोणले सतहत्तरवटा, दुर्मर्षणले बाह्रवटा, दुस्सहले दशवटा, विकर्णले तीसवटा, दुर्मुखले दशवटा, दुस्शासनले आठवटा र चित्रसेनले दुईवटा बाण हाने । राजा दुर्योधन तथा अन्य महारथीहरूले पनि बाण वर्षा गरेर सात्यकिलाई व्यथित पार्न थाले तर सात्यकिले बेग्लाबेग्लै ती जम्मैका बाणको जवाफ दिए । उनले द्रोणमाथि तीनवटा, दुस्सहमाथि नौवटा, विकर्णमाथि पच्चीसवटा, चित्रसेनमाथि सातवटा, दुर्मर्षणमाथि बाह्रवटा, विविंशतिमाथि आठवटा, सत्यव्रतमाथि नौवटा र विजयमाथि दशवटा बाण हाने । सात्यकि फेरि दुर्योधनमाथि जाइलागे र उनीमाथि बाणबाट गहिरो चोट पुऱ्याउन थाले । दुवैबीच तुमुल युद्ध थालियो र दुईटैले बाणको झरी लगाएर एकअर्कालाई अदृश्य पारिदिए । दुर्योधनको बाणले सात्यकिलाई अत्यन्त घाइते पारिदियो तथा सात्यकिले पनि तपाईंको पुत्रलाई अत्यन्त व्यथित पारिदिए । तपाईंका अन्य पुत्रहरूले पनि आवेशमा आएर सात्यकिमाथि बाणको झरी लगाइदिए तर सात्यकिले प्रत्येकमाथि पहिला पाँच/पाँच वटा बाण हाने, अनि बडो फुर्तीका साथ आठवटा बाण दुर्योधनमाथि हानेर गहिरो चोट पुऱ्याए । यसपश्चात् उनले दुर्योधनको धनुष र ध्वजालाई पनि काटेर खसालिदिए । चारवटा तीखो बाण हानेर चारवटै घोडालाई तथा एउटा बाण हानेर सारथिलाई पनि यमलोक पुऱ्याइदिए । अब दुर्योधनको खुट्टा काम्यो, उनी भागेर चित्रसेनको रथमाथि सवार भए । यस प्रकार आफ्नो राजालाई सात्यकिद्वारा पीडित भएको हेरेर चारैतिर हाहाकार हुन थाल्यो ।

त्यस कोलाहललाई सुनेर बडो फुर्तीका साथ महारथी कृतवर्मा सात्यकिको सामु आए । उनले छब्बीसवटा बाणबाट सात्यकिलाई, पाँचवटा बाण हानेर सारथिलाई तथा चारवटा बाणबाट घोडाहरूलाई घाइते पारिदिए । सात्यकिले पनि त्वरित गतिमा उनीमाथि असीवटा बाण हाने ।

त्यसको चोटबाट अत्यन्त घाइते भई कृतवर्मा काम्न थाले । यसपछि सात्यकिले त्रिसट्ठीवटा बाण हानेर उनका घोडाहरूलाई र सातवटा बाण हानेर सारथिलाई मारिदिए । अनि एउटा अत्यन्त तेजस्वी बाण कृतवर्मामाथि हाने । त्यो बाण कृतवर्माको कवचलाई च्यातेर उनको शरीरलाई छेड्दै रगताम्य भएर पृथ्वीमाथि खस्यो । त्यसको चोटबाट कृतवर्माको शरीर पनि रगताम्य हुन पुग्यो, उनको हातबाट धनुष खस्यो र उनी अत्यन्त पीडित भई रथमा थुचुक्क बसे । क्रमशः ...

# भ्यागुताको तपस्या

एउटा भ्यागुतो निकै ठूलो उग्र तपस्या गर्न बस्यो । क्षुद्र प्राणीको यति प्रबल निष्ठा देखेर भगवान् शिव दयार्द्र भए । उनले सोधे- "वत्स ! तिमीलाई कुनै कष्ट छैन नि ?"

भ्यागुता- "भगवान् ! छिमेकमा एउटा दुष्ट सर्प बस्छ, जसले मलाई निकै डराउँछ ? त्यसबाट ध्यानमा विघ्न हुन्छ । कुनै यस्तो उपाय बताउनुस्, जसबाट मेरो भय पनि हराओस् र निश्चिन्त मनले तपस्या गर्न सकूँ ।"

भगवान् शङ्करले भ्यागुतालाई सर्प बनाइदिए । अब उसलाई अन्य सर्पको भय रहेन, तर केही दिनपछि त्यहाँ एउटा न्याउरीमुसा आउन थाल्यो । भ्यागुतालाई पुनः भय उत्पन्न भयो र उसले पुनः भगवान् शिवको ध्यान गऱ्यो । शिव प्रकट भए । कारण सोधेपछि भ्यागुताले पुनः नयाँ व्यथा सुनायो । भगवान्ले उसलाई न्याउरीमुसा बनाइदिए । न्याउरीमुसा बनेको भ्यागुतो सुखपूर्वक तप गर्न थाल्यो ।

त्यसपछि एक दिन वनबिरालो त्यहाँ आइपुग्यो र न्याउरीमुसामाथि घात लगाउन सोच्यो । भ्यागुताले आफ्नो व्यथा पुनः भगवान् शिवलाई बताएपछि भगवान्ले उसलाई वनबिरालो बनाइदिए । केही दिनपछि सिंहको आँखा वनबिरालोमाथि परेपछि शिवजीको कृपाले उसले सिंहको शरीर प्राप्त गऱ्यो । यति हुँदा पनि उसलाई चैन थिएन । शिकारी आफ्नो जाल र धनुष लिएर सिंहमाथि घात गर्न थाल्यो । भ्यागुताले आर्त्तभावले शिवजीलाई पुकाऱ्यो, जब उनी प्रकट भए, त्यसपछि भ्यागुताले भन्यो- "प्रभु ! मलाई पुनः भ्यागुता नै बनाइदिनुस् ।"





सिंहको शरीर छाडेर भ्यागुताको शरीरको इच्छा राखेपछि भगवान्ले आश्चर्यपूर्वक सोधे- "किन ?"

भ्यागुता- "प्रभु ! भय कहिल्यै टाढा हुँदैन र बाधा कहिल्यै समाप्त हुँदैन । जीव जुन स्थितिमा छ, त्यसमा कठिनाइसँग साहसपूर्वक लड्दै अगाडि बढ्न सक्छ । यस्तो मेरो बुझाइ हो । यस कारण मलाई आफ्नो असली शरीरमा रहेर तपस्या गर्ने वरदान दिनुस् ।"

भगवान् शिव सन्तुष्ट भए र उसलाई त्यही वरदान दिए ।

## मृत्युलोक

- बैधनाथ महतो कुशवाहा (साधु)

मनुष्य लोक क्या राम्रो लोक
जे चाहन्छ मान्छे गर्छ भोग
यो लोक विविधताको लोक
यहाँ सुख-दुःख, चिन्ता, छलकपट अनेक
यहाँ छन् थरीथरीका प्राणी
मनुष्यबाहेक अरू सब भोग पानी
यहाँ मानवको लागि सब सुख भोग
जो चाहन्छ गर्छ उपभोग
मनुष्यको लागि यहाँ एक स्वतन्त्रता
पाप वा पुण्यको भोका
सद्गुण चाहन्छ सद्गुण उठाओस्
चाहे कोही दुर्गुण कमाओस्
आँप चाहे आँप लगाओस्
चाहे कोही बेल लगाओस्
जे रोप्छ त्यही फल्छ
प्रकृतिको नियम अकाट्य सत्य छ
मनुष्य लोकको यही एक खतरा
न जाने कब हुन्छ यमपुरको यात्रा
यहाँ सब चल्छ प्राकृतिक नियमले
मनुष्य मात्र चल्छ विपरीत नियमले ।

-कलैया उपमनपा-२५, ढोडिया

## चुटकिला

एकजना महिलाले ट्राफिक नियम तोडेपछि

ट्राफिक प्रहरी- रोक ।

महिला- मलाई जान देऊ म शिक्षक हुँ ।

ट्राफिक प्रहरी- यही मौकाको प्रतीक्षामा म थिएँ । ल अब सयपटक लेख- म कहिल्यै ट्राफिक नियम तोड्दिनँ ।



## म आगोसँग नडराएको दिन

- विश्वराज अधिकारी

सानो हुँदा
अनौठो देख्दा
डराएर
आमाको हात समाउने म

ठूलो भएपछि भयको अर्थ बुझेर
मनभित्र कराएर
भयभीत हुने म

वृद्धावस्थामा
जरादेखि डराएर
हरेक दिन बाँच्ने इच्छा विस्तार गर्ने म

तर त्यस दिन
सर्वाधिक भयभीत पार्ने आगो
म आगोसँग पनि डराउनेछैन
भय पनि मसँग भयभीत हुनेछ त्यस दिन

म आगोमाथि सुत्नेछु
मैले आगोलाई पराजित गर्नेछु
जीवनमा सधैं पराजित भएको म
त्यस दिन यो सृष्टिको सर्वाधिक शक्तिशाली
आगोलाई पनि मैले पराजित गर्नेछु

अर्थात्,
मेरो मृत्यु भएको दिन
म बलियो भएको दिन
म आगो मात्र होइन
केहीसँग पनि नडराएको दिन
कायर पनि
महाकायर पनि शक्तिशाली हुने
त्यस्तो दिन ।

# लभ इन वीरगंज



धारावाहिक नाटक
**समीर पाखिन**

हवल्दार : झिल्के, आज मेरो ड्युटी गर्ने मूड छैन । यसैले म डेरातिर लागें । गस्ती आएर सोध्यो भने बिसन्चो भएर घर गएको छ भनी दे है ।

झिल्के : हस् हस् हवल्दार साप । गएर मज्जाले आराम गर्नोस् । ड्युटी गर्नलाई म छँदै छु नि ।

हवल्दार : ल ल राम्ररी ड्युटी गर् है । म लागें ।

इमान सिंह लुरुलुरु डेरातिर लाग्छ ।

०००

समय : अपराहनको दुई बजेको छ ।

स्थान : इमानसिंह हवल्दारको डेरा ।

सुशीला र घरबेटी बज्यैबीच वादविवाद चर्कँदै जाँदा दुवै हातपातमा उत्रन्छन् ।

घरबेटी-बज्यै : एई हवल्दार्नी बहिनी, मैले तीन/चार दिनदेखि याद गर्दैछु । तिमी आमाछोरीले दिनदिनै गुन्टाका गुन्टा कपडा धोइरहेका छौ । मोटर लगाएर भरेको ट्ङ्कीको पानी त तिमी आमाछोरीलाई नै ठीक्क हुने भो त हैं ? हामीलाई चाहिँदैन ? गर्न पाए भन्दैमा अचाक्ली त गर्नुभएन है ।

सुशीला : (जुरुक्क उठेर) ए घरबेटी बज्यै ! तिमीले भन्न खोजेकी के हो ? अब तिम्रो घरमा कपडा पनि धुन नपाइने ?

घरबेटी-बज्यै : पाइन्छ, तर धोबिनीले जस्तो गुन्टाका गुन्टा होइन । यता हेऱ्यो कपडा, उता हेऱ्यो कपडा । धोबीधोबिनीको घरजस्तो । आफन्त आउँदा पनि लाजै भइसक्यो ।

सुशीला : एई बूढी, लाज हुने के कपडा सुकाएको छु ल देखाऊ त । (पाखुरामा समातेर तान्दै)

घरबेटी-बज्यै : एई हवल्दार्नी तँ ममाथि हात हाल्ने ?

बूढीले फनक्क फर्केर सुशीलाको चुल्ठो समाल्छे र फनफनी घुमाउँछे । सुशीला झन् के कम उसले पनि बूढीको जगल्टा च्याप्प समातेर भएभरको बलले घुमाउन थाल्छे । अहिले भने घरबेटी बज्यैले घरबेटी बालाई गुहार्छिन् । घरबेटी बा हातपात भएको देखेपछि आत्तिदै तल ओर्लन्छन् ।

घरबेटी बा : ए लौ न, हवल्दारको सन्तानले मार्न लागी मेरी बूढीलाई । एई हवल्दार्नी बहिनी, कति जोडले भुत्ल्याएकी हैं ? अलिक बिस्तारै भुत्ल्याए हुँदैन ?

सुशीला : तिमी पनि नकराऊ है । बचेको दुई/चार वटा दाँत पनि झारिदिउँला नि । यी बूढाबूढीले साह्रै पो हेप्यो त हैं । (कपडा कुट्ने मुङ्ग्रो टिपेर) यसैले टाउको साउको फुटाइदिउँ कि क्या हो ।

घरबेटी बा : होइन, किन जगल्टा नै समातुपऱ्यो त । समात्नै परे पनि अलिक बिस्तारै समाते पनि त हुन्छ । छोड, दिदी-बहिनी जस्तो मान्छे यसरी झगडा गर्दा समाजले के भन्छ ? अँ तँ पनि हिंड् ।

घरबेटी बाले बज्यैलाई पाखुरामा समातेर माथि कोठामा लग्छ ।

सुशीला : सानो-सानो कुरामा किच्किच् गरेर बसिखान दिएन यो बूढाबूढीले । भाडा पनि खानुपर्ने भाडावालालाई पनि देखी नसहेर हुन्छ ?

इमान सिंह लखतरान अवस्थामा आँगनमा देखा पर्छ । सुशीलालाई फोहर लुगाको थुप्रो अघि झोक्राएर बसेको देखेपछि नजीकै गएर सोध्छ ।

इमान सिंह : के भो ? किन यसरी झोक्राएर बसेकी ?

सुशीला : यो घरबेटी बूढीले हुँदाहुँदा कपडासमेत धुन नदिने भो ? धोबिनीले जस्तो गुन्टाका गुन्टा कपडा धोयो भनेर भुत्लाउन आएकी थिई ।

इमान सिंह : ल ल भैगो । हिंड् भित्र ।

सुशीलालाई पाखुरामा समातेर कोठाभित्र लिएर जान्छ ।

०००

समय : बिहानीपख । स्थान : लिङ्क रोड । उषा, मनीषा र कृष्णा गफ गर्दै क्याम्पसतिर गइरहेका छन् ।

मनीषा : उषा तैंलाई त हिजो नयाँ बाइकमा पो देखेकी थिएँ त । अङ्कितले पनि बाइक किनेको हो ?

उषा : किन्छ त्यो भुखमरीले ।

मनीषा : त्यसो भए बाइकवाला भेट्टाइस् कि क्या हो ?

उषा : छिः त्यस्तो केही होइन, साथी हो के ।

कृष्णा : वीरगंजकै हो ?

उषा : होइन, हेटौंडा नवलपुरको ।

मनीषा : फोटो होला नि त हेरौं न ।

उषा : (मोबाइल निकालेर देखाउँदै) यही हो ?

मनीषा : मान्छे त हीरो रहेछ नि उषा ।

कृष्णा : हो उषा । प्रोपोज गरिहाल् ।

तीनैजना क्याम्पस हाताभित्र प्रवेश गर्छन् ।

क्रमशः

## सङ्कल्प

- शोभाकान्त झा

एमसिसीको परिदृश्य हेरेर
दिग्भ्रमित भएछन् नेतागण
विचारविमर्शको मन्थनमा
हल्लिरहेको छ सबैको मन
कूटनीतिको सीमामा रहन
किन सबै डराउँछन्
सत्य र तथ्य निर्क्योल गर्न
किन गाह्रो मान्छन्
आफ्नै पौरखमा बाँच्न
हिम्मत हामीलाई गर्नैपर्छ
साग र सिस्नो खाएर पनि
सानले बाँच्नैपर्छ
प्रकृतिले दिएको घरलाई
आत्मसात् गर्नैपर्छ
स्रोत र साधन उपयोग गरेर
समृद्धिको लागि बढ्नैपर्छ
भीख मागेर बाँच्ने बानी
सदाको लागि हटाउनैपर्छ
आफ्नै करले भाग्य कोरेर
विश्वलाई देखाउनै पर्छ

**मेनरोड ...**

सत्तारूढ पक्ष होस् वा विपक्ष, आम चित्कार कुनै पनि पक्षको कानमा नपुग्नु नै आम आशङ्काको प्रमुख कारण हो । आखिर पर्दाको पछाडि कुन शक्ति छ ? यही सेरोफेरोमा आधारित एक हिन्दी फिल्मको गीतले खलपात्रको चरित्रलाई यसरी चित्रण गरेको छ-

**'क्या मिलिए, ऐसे लोगों से ।**
**जिनकी फितरत, छुपी रहे ।**
**नकली चेहरा, सामने आए ।**
**असली सुरत, छिपी रहे ।**

खलपात्र को हो ? उसको पहिचान गर्नुपर्छ । कठघरामा उभ्याउनुपर्छ ।

उहिलेको जनसङ्ख्यालाई मध्यनजर गरी सडक निर्माण भएको थियो । वर्तमान परिप्रेक्ष्यमा बढ्दो जनघनत्व र सवारीसाधनको चापको कारण व्यस्त वीरगंज शहरको कथा वर्णन गरेर साध्य छैन । राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित र ख्यातिप्राप्त वीरगंज महानगरले केवल करको दर उच्च लिएर हुँदैन, सुविधा पनि सोही बमोजिम प्रदान गर्नुपर्दछ । सास्तीपूर्ण 'मेनरोड'को अवस्थाप्रति नियामक निकायको चिन्ताशून्य मनोवृत्ति किन छ ? वीरगंजको मुख्य सडकमा आज श्वास फेर्न पनि गाह्रो छ । उत्तरदेखि दक्षिणतर्फ आम नागरिकले नचाहँदा नचाहँदै पनि कामवश नजानुको विकल्प छैन । सडक फराकिलो नहुनु, सडकको दुई लेनमध्ये एक लेन आवागमनका लागि तथा अर्को लेन पार्किङको लागि प्रयोग हुनु नै आमसास्तीको मुख्य कारण हो । हिन्दी सुमधुर गीत **'चाँद जैसे मुखडे पे बिन्दिया सितारा'** जस्तै चाँदरूपी वीरगंज शहरको बिन्दीरूपी मुख्य सडकको स्तरोन्नति नहुन्जेलसम्म वीरगंजको सुन्दरता कदापि अनुभूति गर्न सकिँदैन । त्यसैले वीरगंज महानगरपालिकालगायत मेनरोडको चित्कार सबै तहका सरकारले सुन्नुपर्छ ।

# अन्तर्राष्ट्रिय समाचार

## साझेदारहरूसँग काम गर्न तयार छौं –प्रम मोदी

नयाँ दिल्ली, २४ मङ्सिर/एएनआई

भारत बहुपक्षीय फोरमहरूसहित विश्वव्यापीरूपमा लोकतान्त्रिक मूल्यहरूलाई बलियो बनाउन आफ्ना साझेदारहरूसँग काम गर्न तयार रहेको प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार बताएका छन् ।


तस्वीरः एजेन्सी

अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गरेको लोकतन्त्रको शिखर सम्मेलनमा भाग लिएको भोलिपल्ट प्रधानमन्त्री मोदीको उक्त भनाइ आएको हो । "राष्ट्रपति बाइडेनको निमन्त्रणमा लोकतन्त्रको लागि शिखर सम्मेलनमा भाग लिन पाउँदा खुशी छु । विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा भारत बहुपक्षीय फोरमहरूसहित विश्वव्यापीरूपमा लोकतान्त्रिक मूल्यहरूलाई बलियो बनाउन हाम्रा साझेदारहरूसँग काम गर्न तयार छ," प्रधानमन्त्रीको ट्वीटमा उल्लेख गरिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीवार लोकतन्त्रका लागि पहिलो शिखर सम्मेलन शुरू गरेका छन् । प्रधानमन्त्री मोदीबाहेक फ्रान्स, क्यानडा, ब्रजील, अर्जेन्टिना, उरुग्वे, जापान, इजरायललगायतका लगभग ८० देशका विश्व नेताहरूले उद्घाटन भाषणमा भाग लिएका छन् ।

शिखर सम्मेलनले लोकतन्त्रले सामना गर्ने चुनौती र अवसरहरूमा केन्द्रित छ । उक्त शिखर सम्मेलनले नेताहरूलाई व्यक्तिगत र सामूहिक प्रतिबद्धताहरू, सुधारहरू, लोकतन्त्र र मानव अधिकारको रक्षाका लागि स्वदेश तथा विदेशमा भएका पहलहरू घोषणा गर्न मञ्च प्रदान गर्नेछ । रासस

## म्यान्माको सैनिक शासनको निन्दा

बैंकक, २४ मङ्सिर/एएफपी

संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्रसङ्घले म्यानमाको जुन्ता सरकारको निन्दा गरेको छ, जसलाई वाशिङ्टनले एक अस्तव्यस्त मध्य क्षेत्रमा बालबालिकासहित ११ गाउँलेको हत्याको विश्वसनीय र पीडादायी रिपोर्टको रूपमा वर्णन गरेको छ ।


तस्वीरः एएफपी

अमेरिकाको विदेश मन्त्रालय र संयुक्त राष्ट्रसङ्घका महासचिवको विज्ञप्ति अनुसार स्थानीय सञ्चारमाध्यम र बासिन्दाहरूले सैनिकहरूले सागिङ क्षेत्रको डोनटाव गाउँबाट ११ जना मानिसलाई बारीमा पसेर नियन्त्रणमा लिएको बताएका छन् ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले देशको पुरानो नाम प्रयोग गर्दै बिहीवार भने, "बर्मी सेनाले उत्तरपश्चिम बर्मामा बालबालिकासहित ११ जना गाउँलेलाई बाँधेर जिउँदै जलाएको भन्ने विश्वसनीय र पीडादायी रिपोर्टहरूबाट हामी आक्रोशित छौं ।"

१० महीनाअघि आङ सान सुकीको सरकारलाई अपदस्थ गरी सत्ता हातमा लिएको म्यानमाको जुन्ताले उक्त दाबीलाई अस्वीकार गरेको छ ।

राज्यसमर्थित ग्लोबल न्यू लाइट अफ म्यान्मा अखबारले शुक्रवार रिपोर्टहरू नक्कली समाचार र स्थानीय र अन्तर्राष्ट्रियजगत्को षड्यन्त्रको प्रमाण मात्र भएको बताएको छ ।

यसैबीच, आफ्नो नाम नछाप्ने शर्तमा एक बासिन्दाले एएफपीलाई भने– उनीहरूले हात बाँधिएका शवहरूबाट धूवाँ आइरहेको छ ।

सामाजिक सञ्जालमा पोस्ट गरिएको एउटा भिडियोमा जमीनमा धेरै नराम्ररी जलेको शव देख्न सकिन्छ । "यसले हामी सबैलाई दुख्छ ... तिनीहरू मानव देखिँदैनन्," क्लिपमा एक दर्दनाक आवाज सुनिन्छ ।

यसैबीच, डेमोक्रेटिक भ्वाइस अफ बर्मा आउटलेटले पनि गाउँलेहरूले जुन्ता सेनामाथि आक्रमण गरेपछि भाग्न नसकेका गाउँलेहरूलाई कब्जा गरेको रिपोर्ट गरेको छ ।

सागाङ क्षेत्रमा नियमित झडप हुने गरेको छ । अर्का डोन्टाउका बासिन्दाले एएफपीलाई भने अनुसार ११ जनालाई गाउँको पश्चिमतर्फको गुम्बानजीकै लुकेर बसेको बेला गिरफ्तार गरिएको थियो र उनीहरूलाई सैनिकहरूले लगेका थिए ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले बुधवार बताए अनुसार कथितरूपमा सेनाले गोली हानेर जलाइएका ११ व्यक्तिको भयानक हत्याको रिपोर्टबाट चिन्तित बनाएको छ । विश्वसनीय रिपोर्ट अनुसार मारिएका व्यक्तिहरूमा पाँचजना बालबालिका थिए । रासस

## भारतमा थप आठ हजार ५०३ जना कोरोना सङ्क्रमित

नयाँ दिल्ली, २४ मङ्सिर/सिन्ह्वा

भारतमा हिजो बिहीवार आठ हजार ५०३ जनामा कोरोना सङ्क्रमण देखा परेको छ । हिजो देखिएको यस सङ्क्रमितहरूमा चार हजार १६९ जना केरला राज्यका रहेको प्राप्त समाचारमा जनाइएको छ । यसैसँगै कोरोनाको कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४६ लाख ७४ हजार ७४४ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रवार जानकारी दिएको छ । भारतमा अझै पनि ९४ हजार ९४३ जना सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ ।

भारतमा हाल देखिएको सक्रिय सङ्क्रमित एक प्रतिशतभन्दा कम रहेको जनाइएको छ । हाल रहेका सक्रिय सङ्क्रमित कुल सङ्क्रमितको ०.२९ प्रतिशत मात्र रहेका जनाइएको छ । बिहीवार कोरोना सङ्क्रमणबाट ६२४ जनाको मृत्यु भएपछि कुल मृतकको सङ्ख्या चार लाख ७४ हजार ७३५ पुगेको छ ।

गएको २४ घण्टामा भारतमा सात हजार ६७८ जना कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४१ लाख ५ हजार ६६ जनामा कोरोनाको सङ्क्रमण निको भएको छ । भारतमा कोरोना शुरू भएदेखि हालसम्म ६५ करोड ३२ लाख व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ३१ करोड १८ लाख मात्रा खोप लगाइएको जनाइएको छ । रासस


निजगढमा व्यावसायिक तरकारीखेतीमा गोडमेल गर्दै महिला मजदूरहरू । बढ्दो जग्गा प्लाटिङले भाडामा खेतीयोग्य जमीन पाउन गाह्रो भएको छ । तस्वीरः जीतलाल श्रेष्ठ

## नेपाली काङ्ग्रेसको १४ औं महाधिवेशनको उद्घाटन

काठमाडौं, २४ मङ्सिर/रासस

नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनको उद्घाटन गरेका छन् ।

काठमाडौंको भृकुटीमण्डप प्राङ्गणमा आयोजित भव्य समारोहका बीच उनले महाधिवेशनको उद्घाटन गरेका हुन् । समारोहको मुख्य मञ्चमा काङ्ग्रेसका शीर्ष नेतासँगै अन्य राजनीतिक दलका प्रमुख तथा विदेशबाट आएका अतिथिहरू सहभागी छन् । कोभिड–१९ महामारीका कारण काठमाडौं उपत्यकाबाहिरबाट सहभागी नबोलाइएको भएपनि पार्टीका महाधिवेशन प्रतिनिधि र स्वतःस्फूर्तरूपमा आएका सहभागीले भृकुटीमण्डप भरिभराउ थियो ।

उद्घाटनअघि पार्टीका संस्थापक र अग्रज नेताका तस्वीरमा माल्यार्पणका साथै मुलुकमा लोकतन्त्र स्थापनाका लागि बलिदान दिने ज्ञातअज्ञात शहीदको सम्मानमा मौनधारण गरिएको थियो । सहभागीलाई सजिलोका लागि मञ्चका गतिविधि बाहिर देखिने गरी भृकुटीमण्डपबाहिर पाँचवटा ठूला डिस्प्ले राखिएको छ । सञ्चारमाध्यमका लागि रिर्पार्टिङ गर्न मुख्य मञ्चको दाहिनेतिर छुट्टै स्टेज बनाइएको छ । सबैतिर मञ्चको आवाज सुनिने गरी ठूला साउन्ड सिस्टम राखिएको छ ।

यस महाधिवेशनमा 'उत्साह, एकता र रूपान्तरण, सफल बनाऔं नेपाली काङ्ग्रेसको १४औं महाधिवेशन' नारा तय गरिएको छ ।

मञ्चको पृष्ठभूमिमा नेपालको नयाँ नक्शाभित्र पार्टीका संस्थापक एवं नेता बिपी कोइराला, सुवर्ण शम्शेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको तस्बिर अङ्कित प्रचार लोगो राखिएको छ । मुलुकको सबैभन्दा ठूलो र पुरानो लोकतान्त्रिक दलको महाउत्सवलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रले विशेष चासोका साथ हेरिरहेको छ ।

महाधिवेशनस्थल पार्टीका झन्डा र चुनाव चिह्न रूख अङ्कित झन्डाले सिङ्गारिएको छ भने त्यस वरपर विभिन्न स्थानमा स्वागतद्वार राखिएको छ । महाधिवेशनमा विभिन्न जातजाति भेषभूषा झल्कने नृत्यसहितका झाँकी प्रदर्शन गरिएको थियो । सो क्रममा धिमे नाँच, मगर, गुरुङ, लिम्बू, थारू, भोजुपरी, मैथली, खस आर्यका नाच प्रदर्शन गरिएको थियो ।

यसैगरी, महाधिवेशनका उम्मेदवारका ब्यानरले भृकुटीमण्डप भरिभराउ छ । यस महाधिवेशनमा चार हजार ७०० महाधिवेशन प्रतिनिधि रहने छन् । महाधिवेशनमा भूपू सैनिक सङ्घका स्वयंसेवकले सहभागीको भीड व्यवस्थापन गरेका छन् । नेपाल प्रहरीले सुरक्षाको आवश्यक प्रबन्ध गरेको र ट्राफिक प्रहरीले सवारीको उचित व्यवस्थापनको प्रबन्ध मिलाएको जनाएको छ ।

महाधिवेशनस्थलमा उम्मेदवारले आफ्नो प्रचारका लागि भिजिटिङ कार्ड, पम्पलेट वितरण गर्नुका साथै मतदातालाई आफ्नो पक्षमा आकर्षण गर्न विभिन्न कार्यक्रम गरिरहेको देखिन्छ । नेता, कार्यकर्ताहरू हार्दिकता साटासाटा गरिरहेका देखिन्छन् । प्रवेशद्वारनजीकै स्वास्थ्य समिति र मिडिया सेन्टर स्थापना गरी आवश्यक सेवा प्रदान गरिएको छ । प्रदर्शनी क्षेत्र नेता तथा कार्यकर्ता र शुभचिन्तकको भीडले खचाखच भरिएको छ । नेपाली काङ्ग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले कार्यक्रम सञ्चालन गरेका थिए । महाधिवेशनमा उपस्थित नेता तथा कार्यकर्ताले नेपाली काङ्ग्रेस एक भएर अघि बढेको हेर्न चाहेको प्रतिक्रिया दिएका थिए । यसअघि समारोहमा काङ्ग्रेस काठमाडौंका सभापति कृष्ण बानियाँले महाधिवेशनमा आएका नेता तथा कार्यकर्ता र पाहुनालाई स्वागत अभिवादन गरेका थिए । उनले नेपाली काङ्ग्रेस जुन उद्देश्यले स्थापना भएको त्यो लक्ष्यप्राप्तिमा यस महाधिवेशनले शक्ति प्रदान गर्ने बताए ।

यसैबीच, महाधिवेशनको बन्दसत्र शनिवार भृकुटीमण्डपको हलमा हुनेछ । पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार महाधिवेशन प्रतिनिधिको नामावली प्रकाशन मङ्सिर २४ गते बिहान १० बजे हुनेछ । उम्मेदवार मनोनयन दर्ता मङ्सिर २५ गते बिहान १० देखि साँझ ५ बजेसम्म, उम्मेदवारी मनोनयन दर्ता उपर दाबी, विरोध र जाँचबुझ मङ्सिर २५ गते साँझ ५ देखि ७ बजेसम्म र दाबी विरोधउपर निर्णय मङ्सिर २५ गते साँझ ७ देखि ९ बजेसम्म हुने समितिले जनाएको छ ।

उम्मेदवारको पहिलो नामावली प्रकाशन मङ्सिर २५ गते राति ९ देखि १२ बजेसम्म, मनोनयनपत्र फिर्ता लिइसक्नुपर्ने समय मङ्सिर २६ गते बिहान ११ बजेसम्म, उम्मेदवारको अन्तिम नामावली प्रकाशन मङ्सिर २६ गते दिउँसो १२:१५ बजे र मतदान मङ्सिर २७ गते बिहान ८ बजेदेखि हुने समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिए ।

### नेपाल र भारतबीच ऐतिहासिक सम्बन्ध छ -भारतीय नेताहरू

छिमेकी मुलुक भारतका विभिन्न दलका नेताहरूले नेपाल–भारतबीच धार्मिक, सांस्कृतिक मात्र नभई मन र हृदयबीच गहिरो सम्बन्ध रहेको बताएका छन् ।

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशन उद्घाटन समारोहलाई आज सम्बोधन गर्दै भारतीय कङ्ग्रेस आईका महामन्त्री मुकुल वासिकले नेपाल र भारतबीच धार्मिक, सांस्कृतिक र जनताबीच गहिरो सम्बन्ध रहेको उल्लेख गरे ।

उनले नेपाल र भारतबीचको सम्बन्ध प्रगाढ र घनिष्ट तुल्याउन आफू र आफ्नो पार्टीले सक्दो योगदान पुऱ्याउने विश्वास दिलाए । नेपाली काङ्ग्रेस र भारतीय काङ्ग्रेस पार्टीका नेताबीच पनि ऐतिहासिक सम्बन्ध रहेको उनको भनाइ थियो । उनले आपसी भाइचारा र मित्रताको सम्बन्धले दुई देशबीचका केही प्रश्नको पनि हल गर्न सकिने धारणा व्यक्त गरे ।

कार्यक्रममा भारतीय जनता पार्टीका नेता डा हर्षवर्द्धनले नेपालमा कुनै दुःख पर्दा भारत सरकार र भारतीय जनताको पनि मन दुख्ने गरेको बताए । उनले विगतमा नेपालमा गोरखाको भूकम्पका समयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अग्रसरतामा तत्कालै उद्धार, राहत र सहयोग पुऱ्याएको घटना स्मरण गर्दै कोभिड–१९ विरुद्धका लडाइँमा पनि भारतले औषधि, भेन्टिलेटरलगायतका सक्दो सहयोग गरेको उल्लेख गरे ।

नेता हर्षवर्द्धनले नेपालका दलबीचको सौहार्दपूर्ण सम्बन्ध विश्वमैं उदाहरणीय रहेको आफूले पाएको जनाउँदै यस्तो सम्बन्ध सधैं रहिरहोस् भन्ने कामना पनि गरे ।

## महिला हिंसाविरुद्ध सचेतना कार्यक्रम

प्रस, वीरगंज, २४ मङ्सिर/

महिला हिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत माइती नेपाल, पर्साले वीरगंज महानगर–४ बिर्तामा सचेतना कार्यक्रम सञ्चालन गरेको छ । 'घरबाटै शुरू गरौं, महिला हिंसा अन्त्य गरौं' नाराका साथ आयोजित सचेतना कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष जगत साह कानूले महिला हिंसा अन्त्य हुनुपर्ने बताए ।



तस्वीरः प्रतीक

उनले महिला हिंसाले समाजमा नराम्रो असर पारेको र यसको कारण समाजमा विकृति मौलाउँदै गएको भन्दै लैङ्गिक हिंसा गर्नेहरूलाई कानूनी दायरामा ल्याएर कारबाई गर्नुपर्ने बताए ।

माइती नेपाल, पर्साकी संयोजक सङ्गीता पुरीले लैङ्गिक हिंसाविरुद्धका घटनाहरू बढ्दै गएकामा चिन्ता व्यक्त गरिन् । उनले यसविरुद्धका अभियानहरू सञ्चालन भइरहँदा पनि हिंसा कम नभएको भन्दै यसका लागि समाजका अगुवाहरू अगाडि आउनुपर्ने सुझाव दिइन् । उनले आफ्नो तहबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रभावकारी भूमिका खेल्दै आएको दाबी गरिन् ।

कार्यक्रमका अध्यक्ष सामुदायिक सेवा केन्द्र, बिर्ताका अध्यक्ष सालिकराम प्रसादले लैङ्गिक हिंसा अन्त्य हुनुपर्ने कुरामा समाजका अगुवाहरूको पहल हुनुपर्ने बताए । उनले यसविरुद्ध सचेतना कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रमको सहजीकरण सानो पाइलाका अध्यक्ष सुदीप लामाले गरेका थिए ।

आयुर्वेदको चमत्कार
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
सहयोगीः
बैद्य सूर्यमान श्रेष्ठ
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | प्रसन्नता | वृष | कर्मप्राप्ति |
| मिथुन | राज्यलाभ | कर्कट | रोगभय |
| सिंह | व्यापारवृद्धि | कन्या | शत्रुपराजय |
| तुला | सुसमाचार | वृश्चिक | भयचिन्ता |
| धनु | मित्रमिलन | मकर | अतिथिआगमन |
| कुम्भ | सुयश | मीन | खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं,
उनीहरूको उज्ज्वल भविष्य बनाऔं ।
वीरगंज महानगरपालिका

# अपाङ्गतामैत्री शिक्षण समावेशी शिक्षाको लागि महत्त्वपूर्ण पक्ष

प्रस, गरुडा, २४ मङ्सिर/

अपाङ्गतामैत्री शिक्षण समावेशी शिक्षाको लागि महत्त्वपूर्ण पक्ष भएको बताइएको छ। रौतहटको चन्द्रपुरमा आयोजित तीन दिवसीय कार्यशाला गोष्ठीमा अपाङ्गतामैत्री तथा मातृभाषाको माध्यमले शिक्षण सिकाइ क्रियाकलापले समावेशी तथा समता शिक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने निष्कर्ष निकालिएको छ।

प्रदेश सरकारको समन्वय र विश्व शिक्षा तथा युनिसेफको सहकार्यमा ग्रामीण विकास केन्द्र, रौतहटद्वारा आयोजित कार्यशाला गोष्ठीमा नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, समावेशी शाखा निर्देशक डा दिव्या दवाडीले समावेशी शिक्षा सम्बन्धमा नेपाल सरकारको नीति तथा कार्यक्रम, हाम्रो देशको अवस्था, समावेशी शिक्षाका उदाहरणहरू र सङ्घ, प्रदेश तथा स्थानीय सरकारले खेल्न सक्ने भूमिकाका विषयमा प्रकाश पार्दै विद्यालयबाट कोही पनि बालबालिका बाहिर रहनुनपर्ने र सबैले समानरूपमा बुझ्न पाउने अवस्था हुनु जरुरी रहेको बताएकी छन्।

प्रदेश २ सरकारको शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक चूडामणि फुयाँल, शिक्षा तालीम केन्द्र, बाराका प्रमुख महेन्द्र महतो तथा अधिकृत उद्धवराय यादव, शिक्षा विकास तथा समन्वय एकाइ, रौतहटका प्रमुख रामविनयकुमार सिंह, शिक्षा विकास तथा समन्वय एकाइ, महोत्तरीका प्रमुख भरतबाबू सुवेदीले शिक्षामा समावेशिता अहिलेको आवश्यकता रहेको बताउँदै सङ्घ र प्रदेश सरकारका साथै शिक्षाको कार्यक्रम हेर्ने जिल्लाका प्रमुख निकायले सहजकर्ता र कार्यान्वयनको लागि तयार रहेको बताएका छन्।

नेपाल सरकारको शिक्षाका पूर्वसहसचिव तथा काका सामुदायिक सिकाइ केन्द्र, बलरा, सर्लाहीका अध्यक्ष डा कमलेश्वरकुमार सिन्हा, महोत्तरीको सोनमा गाउँपालिका, रौतहटको यमुनामाई गाउँपालिका र परोहा तथा राजपुर नगरपालिकाका शिक्षा शाखा प्रमुखहरूको सहभागिता रहेको कार्यक्रममा समावेशी शिक्षाको सन्दर्भमा पालिकाको भूमिकाको खोजी गरिएको थियो।

कार्यक्रममा समावेशी तथा मातृभाषा शिक्षाको क्षेत्रमा कार्यरत जनजागरण युथ क्लब, बारा, सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्सा, राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र, सर्लाही, समाज विकास केन्द्र, महोत्तरी, लाइफ नेपाल धनुषा, आसमान नेपाल, रौतहटलगायतका सङ्घसंस्थाद्वारा समावेशी तथा मातृभाषा शिक्षाको क्षेत्रमा भइरहेको प्रगतिको समीक्षा गरिएको थियो।

कार्यक्रममा सहभागी सबै पक्षले समावेशी शिक्षाको क्षेत्रमा आगामी दिनमा गर्न सकिने कार्यक्रमको प्रारूप पनि तयार पारेका थिए।

# प्राविधिक समस्याले एकै दिशाबाट उडान र अवतरण

प्रस, परवानीपुर, २४ मङ्सिर/

नेपालकै पुरानो विमानस्थलको रूपमा चिनिने सिमरा विमानस्थलमा पछिल्लो समय प्राविधिक समस्या उत्पन्न भएको छ। निजी विमान कम्पनीले काठमाडौं–सिमरा रूटमा ठूला विमान सञ्चालनमा ल्याएपछि उत्तर दिशाबाट गरिने उडान र अवतरणमा जोखिम देखेर सिमरा विमानस्थलले दक्षिण दिशाबाट मात्र उडान र अवतरणको अनुमति दिएको छ। एक हजार १९२ मिटर रनवे रहेको विमानस्थलमा बिच क्राफ्ट, एटिआरलगायतका विमानलाई उत्तर दिशातर्फ रहेका रूख र घरहरूका कारण जोखिम भएपछि विमानस्थलले दक्षिण दिशाबाट उडान र अवतरण गराउन लागेको हो।

दैनिक १२ देखि १४ वटा उडान हुने काठमाडौं–सिमरा रूटमा दैनिक करीब १५ सय यात्री ओहोरदोहोर गर्छन्। विमानस्थलले दक्षिण दिशाबाट एकतर्फी हवाई उडान र अवरणको अनुमति दिएसँगै तीनवटा विमान पार्किङ गर्न सकिने विमानस्थलमा उडान भर्न लागेका कतिपय विमान रनवेमैं रोकिनुपर्ने र निर्धारित उडानमा ढिलाइ भइरहेको निजी विमान सञ्चालकहरूले बताएका छन्।

व्यापक प्राविधिक समस्या रहेको विमानस्थलमा सुधारका लागि सम्बन्धित निकायलाई पत्राचार गरेको सिमरा विमानस्थलका प्रमुख भुपेन्द्र भट्टले जानकारी गराए।



तस्वीरः फाइल

# मिर्जापुरमा बर्थिङ सेन्टरको उद्घाटन

प्रस, पोखरिया, २४ मङ्सिर/

पर्साको छिपहरमाई गाउँपालिका–१ मिर्जापुरमा शुक्रवार पाँचौं बर्थिङ सेन्टरको उद्घाटन भएको छ।

नेकपा एमालेका जिल्ला सचिव तथा गापा अध्यक्ष मनोज गुप्ताले आज उक्त बर्थिङ सेन्टरको उद्घाटन गरेका हुन्। गापा अध्यक्ष गुप्ताले आफूले चुनावको बेला पाँचवटै वडामा बर्थिङ सेन्टर स्थापनाको लागि दिएको वाचा आज पूरा भएको बताए। उनले बर्थिङ सेन्टरमा प्रसूति गराउन आउने महिलालाई प्रोत्साहनस्वरूप दुई हजार नगद र खानासमेत व्यवस्था गरिएको बताए। पालिकामा छिट्टै एमबिबिएस चिकित्सकको पनि व्यवस्था गर्ने उनले जानकारी गराए।

वडाध्यक्ष राजबलिराउत कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा महेन्द्र साह कलवार, विनोद साह कानू, मौजीलाल साह, स्वास्थ्य संयोजक शम्भु साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।



तस्वीरः प्रतीक

# खेलकूदको संसार

## पिएम कपको लागि प्रदेश २ मा खेलाडी छनोट हुँदै

प्रस, परवानीपुर, २४ मङ्सिर/

पिएम कपको लागि प्रदेश २ मा क्रिकेट खेलाडी छनोट प्रक्रिया शुरू भएको छ। राष्ट्रियस्तरको पिएम कप प्रतियोगिता पुस ३ गते धनगढी र पुस २५ गतेदेखि काठमाडौंमा हुने भएकोले खेलाडीहरूको छनोट कार्य शुरू गरिएको क्यान नेपाल मातहत प्रदेश नं २ खेलाडी छनोट समितिका संयोजक मुर्तुजा हवारीले जानकारी गराए। उनका अनुसार महिला टीम छनोट प्रक्रिया मङ्सिर २० गतेदेखि शुरू गरिएको छ भने सोही दिनदेखि पुरुषहरूको जिल्लास्तर टीम छनोटको कार्य भइरहेको छ।


तस्वीरः प्रतीक

प्रदेश २ का आठ जिल्लामध्ये पाँच जिल्लाबाट मात्र महिला टीम बनाएर विभिन्न चरणको खेलमार्फत प्रदेश २ को महिला टीम छनोट कार्य भइरहेको छ। जसमा बारा, सर्लाही, महोत्तरी, सिराहा र सप्तरी मात्र सामेल छन्। पर्सा, रौतहट र धनुषा जिल्लामा महिला क्रिकेटप्रति आकर्षण घट्दै गएकाले जिल्लास्तरमा महिला टीम नै नआएको उनले स्पष्ट पारे। जिल्लास्तरमा महिला क्रिकेट खेलाडीहरूको लागि सरकारले आकर्षक प्याकेजसहितको सुविधा दिए महिला खेलाडीहरू आउन सक्ने उनले बताए। विगतका केही खेलमा सिराहाका दुईजना खेलाडी गम्भीर घाइते भएर उपचार र सुविधा नपाएकाले क्रिकेट खेलप्रति महिला खेलाडी हतोत्साहित भएको देखिन्छ। प्रदेश २ को छनोट खेलको शनिवार हुने फाइनल खेलबाट १४ जना प्रदेश टीमका खेलाडी र चारजना वैकल्पिक खेलाडी गरी कुल १८ जनाको टीम चयन गर्ने लक्ष्य राखिएको उनले बताए।

त्यसैगरी, प्रदेश २ को पुरुषतर्फको टीम पनि चाँडै छनोट हुने उनले बताए। उनका अनुसार हाल जिल्लास्तरको टीम छनोट कार्य भइरहेको र एक/दुई दिनमैं जिल्लाको टीम बनेपछि पुरुषतर्फको खेलाडी छनोटको प्रक्रिया अगाडि बढाइने तयारी छ। पर्सामा १२/१२ जनाको दुईवटा टीमबीच तीन दिन खेलाएर जिल्ला टीम छनोट गरिने क्यान पर्साका कोषाध्यक्ष बाबुजान अन्सारीले बताए। प्रदेश २ को पुरुष टीमतर्फ १४ जना र चारजना वैकल्पिक गरी कुल १८ खेलाडी आगामी साता छनोट गर्ने योजना छ। महिला र पुरुषतर्फ अन्डर–१६ र अन्डर–१९ का खेलाडीहरूले छनोट शिविरमा सहभागिता जनाएका छन्।

## न्यू एकताद्वारा बारा एकेडेमी पराजित

प्रस, बारा, २४ मङ्सिर/

सिमरामा जारी अन्तरविद्यालय स्तरीय फूटबल प्रतियोगितामा न्यू एकता इङ्गलिश स्कूल, सिमराले पिलुवाको बारा एकेडेमीलाई पराजित गरेको छ। यससँगै प्रतियोगिताको क्वाटरफाइनल समीकरण पूरा भएको छ।

सिमरा रङ्गशालामा शुक्रवार भएको खेलमा बारा एकेडेमीमाथि ४–० गोलअन्तरको जीत निकाल्दै न्यू एकता क्वाटरफाइनलमा पुगेको हो। एकतालाई जिताउन नीरज राम एक्लैले दुई गोल गरेका थिए। सुजन खत्री र बबलु पासवानको नाममा १/१ गोल रह्यो। उत्कृष्ट खेल प्रदर्शन गर्दै खेलको 'म्यान अफ दी म्याच' एकताका कौसुप श्रेष्ठ घोषित भए।


तस्वीरः प्रतीक

ग्रासरूट फाउन्डेशनको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत शनिवारदेखि क्वाटरफाइनलका खेल शुरू हुने आयोजक कमिटीले जनाएको छ। सेमिफाइनल प्रवेशका लागि हुने पहिलो खेलमा नेपाल राष्ट्रिय मावि, बकुलिया र एक्स सर्भिसम्यान चिल्ड्रेन एकेडेमीबीच प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक सोनु क्षेत्रीले बताए।

## मनाङ लिगको शीर्ष स्थानमा उक्लियो

काठमाडौं, २४ मङ्सिर/रासस

मनाङ मर्स्याङ्दी क्लबले फ्रेन्ड्स क्लबलाई पराजित गर्दै शहीद स्मारक लिग 'ए' डिभिजन लिगको शीर्ष स्थानमा उक्लेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रवार भएको खेलमा मनाङले फ्रेन्ड्स क्लबलाई २–० गोलअन्तरले पराजित गर्दै लिगको शीर्ष स्थानमा उक्लेको हो। यस खेलसँगै चार खेल खेलेको मनाङले १० अङ्क जोडेको छ। पराजित फ्रेन्ड्स भने समान ४ खेलबाट २ अङ्क जोडेर लिगको १२ औं स्थानमा झरेको छ।

मनाङको जीतमा नाइजेरियाली फरवार्ड ओलावाले ओलाडिपो अफिज र दिनेश राजवंशीले एक/एक गोल गरे। अफिजले खेलको पहिलो मध्यान्तरमा गोल गरे भने दिनेशले खेलको दोस्रो मध्यान्तरमा गोल गरे।

खेलको ४१औं मिनेटमा आफिजले गोल गर्दै मनाङलाई पहिलो अग्रता दिलाए। उनले कप्तान अञ्जन विष्टले दिएको क्रस बललाई हेडरमार्फत गोल गरेका थिए। त्यस्तै, खेलको ७३औं मिनेटमा दिनेशले गोल गर्दै मनाङको अग्रता दोब्बर पारे। पूजन उपरकोटीको फ्रिकिकलाई उनले हेडरमार्फत सदुपयोग गर्दै गोल गरे।

# दुई विद्यालय भवनको उद्घाटन

प्रस, वीरगंज, २४ मङ्सिर/

भारत सरकारको अनुदान सहयोगमा सर्लाही जिल्लामा निर्माण भएका दुईवटा नयाँ विद्यालय भवनको उद्घाटन गरिएको छ।

भारत सरकारको रु ६९.४ लाख र १ करोड ५९ लाखमा निर्मित सर्लाहीको कविलासी–२ स्थित श्री बालगोविन्द जनता माध्यमिक विद्यालय र नेत्रगंज, लालबन्दी–१ स्थित जनता माध्यमिक विद्यालयको नयाँ भवनको उद्घाटन भारतीय राजदूतावासका नियोग उपप्रमुख नामग्य खम्पाले हिजो बिहीवार उद्घाटन गरेकी थिइन्।

कार्यक्रममा स्थानीय प्रतिनिधि, जिल्ला समन्वय समितिका अधिकारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनुभएको छैन ?**

- बालविवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दबाब विवाह

**विचार गर्नुस्,**

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड